# सिलीचोङ गाउँपालिकाको
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनीति – २०८१

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

सिलीचोङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
तामकु, सङ्खुवासभा
**कोशी प्रदेश, नेपाल।**

कार्यपालिका बैठकबाट स्वीकृत मितः २०८१/०२/३२

विषय सुची

१. पृष्ठभूमि....................१
संक्षिप्त नाम र परीभाषा....................२
भौगोलिक अवस्था तथा सीमाना....................५
प्रमुख नदीनाला, हिमाल र बिशेष क्षेत्र....................६
धर्म, संस्कृति र जातजाति....................६
जनसंख्या, घरधुरी र साक्षरता....................६
जात, जाति र मातृभाषाः....................६
अपाङ्गता....................६
१.२ लैससास रणनीति को आवश्यकता र औचित्य....................७
१.३ लैससास रणनीति निर्माणको आधार, बिधि तथा प्रक्रियाहरु....................८
१.४ लैससास क्षेत्रमा लक्षित समुदायको पहिचान र वर्गिकरण....................८
२. लैससास को अवस्था र विश्लेषण....................८
२.१ स्थानीय तहको लैससास को अवस्था....................८
२.२ लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या चुनौती र अवसरहरु....................९
२.३ पालिकाको SWOT विश्लेषण....................९
सबल पक्ष....................9
कमजोर पक्ष....................9
अवसरहरु....................10
चुनौतीहरु....................10
समस्याहरु....................10
अनुगमन तथा मुल्याङ्कन....................११
२.४ सरोकारवाला पहिचान तथा विश्लेषण....................११
२.५ लक्षित वर्ग पहिचान....................११
३.दिर्घकालीन सोच....................११
४.धेय्य....................११
५.लक्ष्य....................१२
६.उद्धेश्यहरु....................१२

सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

**७. रणनीतिहरु**......................................................................................१२

मुख्य नीतिहरु......................................................................................१२

**७.१ नीति बिद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिक मैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने**......................................................१३

**रणनीति**......................................................................................13

**कार्यनीति**......................................................................................13

७.२ रणनीतिको बार्षिक, आवधिक, योजना, कार्यक्रम तथा बजेटहरुको लैससास दृस्तकोणबाट तर्जुमा गर्ने......................................................................................१४

**रणनीति**......................................................................................14

७.३ रणनीति लैससास मुलप्रवाहीकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने ............. १४

**कार्यनीति**......................................................................................14

७.४ राज्यको सबै तह, क्षेत्र तथा निकायहरुमा लैंगिक उत्तरदायी शासन पद्धती अवलम्बन गर्ने.......१५

**रणनीति**......................................................................................15

७.५ रणनीति पालिकाको योजना तजुर्मा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाउने....................१५

**कार्यनीति**......................................................................................15

७.६ रणनीतिक लैंगिक दृस्तिकोणबाट लक्षित समुदायेप्रती जवाफदेही रहेको कुराको सुनिश्चतता गर्न सामाजिक लेखा परिक्षण तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चतता गर्ने .....................................१५

**कार्यनीति**......................................................................................15

७.७ रणनीति कानुनी प्रबन्ध संस्थागत सुधार तथा क्षमता बिकासका माध्यमबाट तिन वटै शासकीय तहमा लैंगिक उत्तरदायी साशन प्रणालीको विकास गर्ने.........................................................१६

**कार्यनीति**......................................................................................16

७.८ नीति महिलाको आर्थिक, राजनैतिक र सामाजिक शसक्तिकरण गर्ने.................................१६

**रणनीति**......................................................................................16

७.९ रणनीतिक लैंगिकतामा आधारित श्रम विवाजन को परम्परालाई परिवर्तन गरि श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मुल्यांग्कन गर्ने.......................१६

**कार्यनीति**......................................................................................16

७.१० रणनीतिक, स्वरोजगार, रोजगारी र उधमशिलाताको एकीकृत कार्यक्रमका अर्थपूर्ण माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने ......................................................................१७

**कार्यनीति**......................................................................................17

७.११ रणनीति स्रोत साधन माथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णायक प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरि आर्थिक सशक्तिकरणको मध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने ...... १८

**कार्यनीति** ........ 18

७.१२ लैससास नीति प्रवाभकारी रुपमा कार्यन्वयन गर्न क लागि विभिन्न सेवा प्रदायक सरोकारवाला, अधिकारवादि संघसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अविबृधि गर्न ........ १८

**रणनीति** ........ 18

**७.१३** रणनीति पालिकामा लैससास सम्बन्धि क्षमता अविवृद्धिको कार्यविधि तजुर्मा गर्ने........ १९

**कार्यनीति** ........ 19

७.१४ रणनीति सरोकारवाला र अधिकारवादी संघसंस्थाहरुको क्षमता अविवृद्धि गरि समन्वय र सहकार्य गर्ने ........ १९

**कार्यनीति** ........ 19

७.१५ नीति लक्षित समुदाएको योजनाबद्ध रुपमा व्यक्तिगत तथा सामुहिक क्षमता विकास गर्दै विकास प्रक्रियामा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरि आर्थिक सामाजिक राजनैतिक र सार्वजनिक जीवनमा सशक्तिकरण गर्ने ........ १९

**रणनीति, कार्यनीति** ........ 19

७.१६ रणनीति लैससास अन्तर्गतका समुहहरुको स्थानीय स्रोत तथा साधनको लाभको र उपयोगमा पहुँच र नियन्त्रणको सुनिश्चित गर्ने  यसको नीति रु ........ २०

**कार्यनीति** ........ 20

८. रणनैतिक क्रियाकलापहरु ........ २०

९. बित्त व्यवस्थापन ........ २७

१०. कानुनी व्यवस्था ........ २७

१०.१ नीतिको पुनरावलोकन तथा सुधार ........ २७

१०.२ खारेजी तथा बचाऊ ........ २७

१०..३ रणनीतिको कार्यन्वयनको जिम्मेवारी तथा दयित्व ........ २७

**कार्यनीति** ........ २७

११.रणनीतिको कार्यन्वयन अनुगमन तथा मुल्यांकन  सम्बन्धि व्यवस्था ........ ३०

११.१ स्थानीय स्तरमा लैससास समन्वय समिति ........ ३०

११.१.२ लैससास समन्वय समितिको काम, कर्तब्य र अधिकार ........ ३१

११.२ लैससास समन्वय उपसमिति वडास्तरमा ........ ३१

**११.२.१ लैससास समन्वय उपसमितिको काम, कर्तब्य र अधिकार**........................................32
**११.३ गुनासो व्यवस्थापन**........................................३३
१२. जोखिम विश्लेषण........................................३४
**१२.१ संभावित जोखिम**........................................३४
१२.२ जोखिम न्युनिकरणका उपाय तथा ध्यान दिनुपर्ने कुराहरु........................................३४
**१३.. लैससास रणनीतिबाट आउने अपेक्षित उपलब्धिहरु**........................................३४
१४. विविध........................................३५
१५. अनुसूचिहरु........................................३५

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

## १. पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गरि समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा विभेद रहित सम्वृद्ध र न्यायपूर्ण समतामुलक समाजको निर्माण गर्ने संकल्प गरेको छ | राज्यको तीन वटै शासकीय तहमा महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, भिन्न तरिकाले सक्षम व्यक्तिहरुको समानुपातिक रुपमा अधिकार सुनिश्चित गरेको छ | लैंगिक समानता र सामाजिक समाबेशीकरण लाई मौलिक हक र राज्यको निर्देशक सिद्दान्तका रुपमा ब्याख्या गरेको छ | संविधानको धारा १६ ले सबै नागरिकको सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक, धारा ५१ (ज) ले सामाजिक न्याय र समाबेशीकरण सम्बन्धि नीतिको व्यबस्था गरेको छ भने धारा ५२ ले राज्यले गर्नुपर्ने दायित्वको पनि व्यवस्था गरेको छ | धारा ३८ मा महिलाको हक अन्तर्गत मौलिक हकको व्यवस्थाले समान बंशीय अधिकार, राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार, सम्पति तथा पारिवारिक मामिला सम्बन्धि अधिकार, स्वास्थ्य, शिक्षा, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ | समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन | साथै महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधार मा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिँसाजन्य कार्य वा शोषण गरिने छैन | यस्ता हिंसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनीय हुने र पिडित ले क्षतिपुर्ति पाउने हक हुनेछ भन्ने समेतको व्यवस्था गरेको छ । राज्यले नागरिक हरु बीच धर्म, जात, भाषा, लिङ्ग, वर्ण, आर्थिक अवस्था, क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।सुशासन सामाजिक न्याय र समृद्धीको सोच र विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण गर्ने रणनीति सहित १६ औं आवधिक योजना (आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६) कार्यान्वयन मा रहेको छ ।

संविधानको धारा १८ मा समानताको हकले नागरिकहरु सामाजिक र सांस्कृतिक रुपले पछाडी परेका समुदायहरुलाई संरक्षण र सशक्तिकरण गर्दै विकास गर्ने बिशेष प्रावधानहरुको व्यवस्था गरेको छ । समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन । यसैगरी संविधानको धारा ४२ मा सामाजिक न्यायको हकले राज्यको हरेक सरकारहरुमा समाबेशी र समानुपातिक प्रतिनिधित्वको सिद्दान्तका आधारमा जनताको सहभागिताको आधार स्थापना गरेको छ | संविधानले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिबासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, पिछडिएको क्षेत्र, आर्थिक रुपले बिपन्न, खस, आर्य लगाएतका नागरिकहरुको संरक्षण, सशक्तिकरण र बिकासका बिशेष कार्यक्रम संचालन गर्न सकिने ब्याख्या पनि गरेको छ |

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा बिकासका लागि आवधिक, बार्षिक, रणनितिगत रुपमा मध्यमकालिन तथा दिर्घकालिन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानुनि दायित्वको रुपमा ब्यबस्था गरेको र सोहि दफाको उपदफा २ मा योजना बनाउदा लैंगिक तथा सामाजिक समाबेशीकरण सम्बन्धि अन्तरसम्बन्धित बिषयलाई ध्यान दिनुपर्ने भनि उल्लेख गरेको छ ।

लैंगिक समानता र सामाजिक समाबेशीकरण बिना अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिने तथ्यलाई ध्यानमा राख्दै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको राष्ट्रिय सामाजिक समाबेशी नीति, २०७७, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ लाई कार्यान्वयनका लागि आवश्यक नीतिगत ब्यबस्था गरेको छ भने प्रदेश तथा स्थानीय तहमा पनि लैससास नीति र आवश्यक रणनीति बनाउन सके मात्र समावेशी लोकतन्त्रलाइ संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र राज्यका संरचनाहरुमा सबै नागरिकको समतामुलक पहुँच स्थापित गर्न मद्बत पुग्न सक्छ ।

सिलिचोङ गाउँपालिकाको पनि यहि आवश्यकता र यथार्थ लाइ मध्यनजर गरि लैससास रणनीति तयार गरेको हो । लैंगिक मैत्री समाबेशी गाउँपालिका बनाउने परिकल्पना अनुरुप सामाजिक तथा सांस्कृतिक रुपमा पछाडी पारिएका वा परेका महिला दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरु अशक्त वा असहाय, पिछडिएको क्षेत्र, एकल महिला र हिंसा पिडितहरुलाई समान सहभागिता अग्रसरता र निर्णय प्रक्रिया हरुमा अर्थपूर्ण सहभागिताको भूमिका सहित लैंगिक समानता र सामाजिक समाबेशीकरण मार्फत सबैले आत्मसम्मान बोध हुने बातावरण निर्माण गर्न र स्थानीय तहबाट गठन तथा संचालन हुने समिति संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहिकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण पद्दति लाइ संस्थागत गर्न सिलिचोङ गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति, २०८१ तर्जुमा गरेको छ ।

## संक्षिप्त नाम र परीभाषा

यस रणनीतिको नाम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति, २०८१ रहने छ र यो सिलीचोङ गाउँपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क) "रणनीति" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति, २०८१ सम्झनु पर्दछ ।

ख) " स्थानीय तह " गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।

ग) "पालिका " भन्नाले सिलिचोङ गाउँपालिका सम्झनु पर्दछ ।

घ) " कार्यक्रम " भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका आयोजनाहरुको संयोजित रुप सम्झनु पर्दछ ।

ङ) " योजना " भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको स्थानिय तहको आवधिक विकास योजना, बार्षिक विकास योजना, एकीकृत शहरी विकास योजना, नगर सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्दछ ।

च) "समाजिक वञ्चितीकरण" भन्नाले परम्परादेखि चलिआएको अनौपाचारिक मुल्य मान्यत बमोजिम लिङ्ग, जातजाति, धर्म, आदि विभेद कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई मान्नुपर्दछ ।

छ ) "सामाजिक समावेशीकरण " भन्नाले अवसर तथा स्रोत साधन उपभोगबाट वञ्चित भई जोखिममा परेका र आर्थिक सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरण परेका समुहहरुलाई विकास निर्माण र कार्य सम्पादनका प्रकृयामा सहभागिगी गराई उपलव्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई बुझ्नु पर्दछ ।

ज) "सामाजिक समावेशी सम्पर्क व्यक्ति " भन्नाले कुनै कार्यलय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

झ ) "सामाजिक सामावेशीकरण बजेट" भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति क्षेत्र, वर्ग र समुदायका महिला , पुरुष, तेश्रोलिङ्गी, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकता सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई बुझ्नु पर्दछ ।

ञ ) "विकास साझेदार" भन्नाले सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्राविधिक सरसहयोग उपलव्ध गराउने द्धिपक्षीय एवम् बहुपक्षीय दातृनिकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्दछ ।

ट ) "गैरसरकारी संस्था" भन्नाले प्रचलिन कानून वमोजिम स्थापना भएका स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य संचानल गर्ने गैर नाफामूलक संस्था बुझ्नु पर्दछ ।

ठ) "लैगिंक उत्तरदायी बजेट " भन्नाले लैगिंक समानताको लागि बजेट सुनिश्चितता, बजेटका सबै प्रक्रियमा लैगिक मूलप्रवाहिकरण र उपलब्धीको समतामूलक वितरणका साथै उपभोगको लागि लैगिंक विश्लेषण सहित योजनावद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकिरण गर्दे कार्यक्रम छनौट गरी लगानि गर्ने पद्धतिलाई जनाउँछ ।

ड ) "उपभोक्ता समिति " भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातिय, आर्थिक, लैगिंक, पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत,

अपाङ्गता भएका व्यक्ति, लैगिंक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित, अल्पसंख्यक, ज्येष्ठ नागरिक बालबालिका एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता बुझ्नु पर्दछ ।

ढ ) "अल्पसंख्यक" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेको जातिय भाषिक र धार्मिक समूह सम्झनु पर्छ ।

ण ) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली अधिकतम उपयोग गर्ने प्रकृया बुझ्नु पर्दछ ।

त ) "लैगिंक समता " भन्नाले अवसर र न्यायबाट वञ्चित महिला र पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितीको निर्माण गर्न गरिने प्रयासलाई सम्झनु पर्छ ।

थ ) "लैगिंक समानता तथा सामाजिक समावेशीकरण " भन्नाले महिला तथा पुरुष र विभन्न सामाजिक समूहहरु बीचको असमान सम्बन्धहरुलाई पुन सुनिश्चित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर, एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई बुझ्नु पर्दछ ।

द) "लैगिंक मूलप्रवाहीकरण " भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम  कार्यन्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिकरणमा परेका वा पारिएका समुहहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

ध ) "सीमान्तकृत " भन्नाले राजनितिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएको, भौगिलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेको वा त्यसबाट वञ्चित रहेको संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र यो शव्दले अति सीमान्तकृत  र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

न ) "लैगिंक समानता " भन्नाले महिला र पुरुष बिच सबै तह र क्षेत्रमा समान अवसर र समान लाभ हाँसिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

प) "खण्डीकृत तथ्याङ्क" भन्नाले महिला तथा पुरुष, जातिय अल्पसंख्यक समूह, अपाङ्गता भएका तथा अन्य सिमान्तकृत समूहहरुको तहगत तथ्याङ्कलाई बुझ्नु पर्दछ ।

फ ) "सामाजिक परिक्षण" संस्थाद्धारा संचालित कार्यक्रमको सामाजिक आर्थिक तथा वातावरणीय लाभ एवं मापदण्डहरुको लेखाजोखा सहित सामाजिक रुपमा प्रर्दशन गर्ने प्रकृयालाई बुझ्नुपर्दछ ।

ब ) "सीमान्तकृत" भन्नाले राजनितिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएको, भौगिलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेको वा त्यसबाट वञ्चित रही संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र यो शव्दले अति सीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

भ )  "बञ्चित समुह " भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित आदिवासी, जनजाति, आपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिका एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनु पर्दछ ।

म)  " टोल विकास संस्था " भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ (२) क बमोजिम सामाजिक परिचालनको अवधारणा बमोजिम गठन हुने समुह सम्झनु पर्छ ।

य ) "उपभोक्ता समिति "भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र र्ममत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ ।

र) "लैङ्गिक प्रभाव विश्लेषण" भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ल ) "लैससास बजेट " भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिङ्गी, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकता सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई बुझ्नु पर्दछ ।

व ) "लक्षित समुदाय" भन्नाले यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समुदायको रुपमा मानिएको छ । समुदायमा पछाडि पारिएका महिला, दलित, आदिवासी जानजाति, मद्देशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैगिंक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा, तथा पछाडि पारिएका वा वहिष्करणमा परेका समुदाय भन्ने बुझ्नुपर्दछ ।

## १.१ सिलीचोङ गाउँपालिकाको परिचय

साविक पूर्वांचल विकासक्षेत्र अन्तर्गत कोशी अन्चलको संखुवासभा जिल्लाका सुदुर उत्तरका साविक सिसुवाखोला, बाला, माङ्तेवा,ताम्कु र याफु गा.वि.स.हरू संयोजन भई नेपालको संविधान अनुसार कोशी प्रदेश अन्तर्गतका स्थानीय तहहरु मध्ये एक हो सिलीचोङ गाउँपालिका ।

भौगोलिक रुपमा विकट भएतापनि सामाजिक, साँस्कृतिक र रहनसहनले भरिपूर्ण यस गाउँपालिका वातावारणीय दृष्टिकोणले बसोबासको लागि उत्कृष्ट रहेको छ । यस क्षेत्रमा पर्ने रमणीय सिलीचोङ हिमालको नामबाट यस गाउँपालिकाको नाम सिलीचोङ रहन गएको हो।

## भौगोलिक अवस्था तथा सीमाना

यस गाउँपालिका को कुल क्षेत्रफ़ल ५०१.८९ वर्ग कि.मि. रहेको छ र पूर्वमा चिचिला र मकालु देखि पश्चिममा सोलुखुम्बु जिल्ला सम्म फैलिएर रहेको भने उत्तर मकालु गाउपालिका देखी दक्षिणमा भोजपुर जिल्ला सम्म फैलिएको छ ।

## प्रमुख नदीनाला, हिमाल र बिशेष क्षेत्र

यस गाउँपालिकाको दक्षिण' सीमानामा अरूण नदी पर्दछ भने मुख्य नदीको रुपमा संखुवा खोला रहेको छ ।|यसका अलवा सिसुवा खोला पनि रहेको छन्, पूर्ण भू भाग मकालु वरुण राष्ट्रिय-निकुन्जको मध्यवर्ती

क्षेत्रमा पर्ने यस गाउँपालिकाको उतरी सीमानामा चम्लांग, दिग्लिंग, संखुवासीर र नौलेख जस्ता रमणीय हिमालहरु रहेको छन् |

## धर्म, संस्कृति र जातजाति

यस गाउँपालिका क्षेत्रभित्र हिन्दु, बौद्ध, क्रिस्चियन र किरात धर्मका मानिसहरुको बसोवास हरेको छ| यस गाउँपालिकाका क्षेत्रभित्र दशैं, तिहार,साउने संग्क्रान्ति, संसारी पूजा, ल्होसार, चाक्चाकुर, उधौली र आइतवारे

पूजा लगायतका चाडपर्वहरु मनाउने गरिन्छ| विविध चाडवर्वहरु यस क्षेत्रको परिचायक भए पनि मुख्य रुपमा कुलुङ, मेवाहाङ, थुलुङ, दुमी , चाम्लिङ, नाछिरिङ, खालिङ, राई लगायत शेर्पा, तामाङ, विश्वकर्मा र दमाई जातिहरुको वाहुल्यता रहेको छ । यस क्षेत्रमा क्षेत्री र ब्राहमण जातिहरू भने नगन्य रुपमा रहेको छ ।

## जनसंख्या, घरधुरी र साक्षरता

यो गाउँपालिकामा कूल ५ वडा रहेको छ र सदरमुकाम चाहिं ताम्कु रहेको छ.| यस पालिकाको कूल जनसंख्या १०२९६ रहेको छ जसमध्ये ५२११ पुरुष र ५०८५ महिला रहेका छन् | यस पालिकामा जम्मा २४९० घरधुरी छन्, जसमध्ये १९६९ घरधुरी का घरमुली पुरुष रहेका छन् भने जम्मा ५२१ घरमा महिला घरमुली रहेका छन्|

शैक्षिक स्तर को कुरा गर्दा, ५ बर्ष माथिका पुरुष ४८१८ छन् भने महिला चाही ४७४३ छन् | यो कूल संख्या मा, पूर्ण रुपमा लेख पढ गर्न सक्ने पुरुष को संख्या ४१९५ छ भने महिला को ३५३७ रहेको छ.| साथै, पढ्न मात्र सक्ने ५ पुरुष र ५ महिला छन् भने लेखपढ गर्नै नजान्ने पुरुष ६१८ र महिला १२०१ रहेका छन् |

## जात, जाति र मातृभाषाः

यहाँका अधिकांश मानिस कुलुङ (६६.१%) छन्। मेवाहाङ र राई क्रमशः १७.७% र ४.५% छन्। अधिकांश मानिसहरू किरात (८५.६%) धर्मका छन् भने ५.७% मात्र हिन्दू धर्म मान्छन्। साथै जनसंख्याको ५.६% क्रिस्चियन छन्।

यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूले प्रायः कुलुङ (६६.२%) भाषा बोल्छन्। मेवाहाङमा २०.८% जनसंख्या बोल्छन्। जनसंख्याको ५.५ प्रतिशत मात्रै नेपाली बोल्छन् ।

## अपाङ्गता

यस गाउँपालिकामा कूल जनसंख्या को ३.३% फरक क्षमता भएका मानिसहरु रहेका छन् | जसमध्ये ३.०% महिला र ३.६% पुरुष रहेका छन् |(*स्रोत : जनगणना २०७८, कोशी प्रदेश)*

## १.२ लैससास रणनीति को आवश्यकता र औचित्य

लैससास क्षेत्रमा नीतिगत तथा ब्यवहारीक तवरबाट सुधारका पहलहरु भएतापनि दलित, महिला, अपांगता भएका व्यक्तिहरु लगाएत आर्थिक तथा सामाजिक रुपमा पछाडी रहेको नागरिकहरुले सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधार हुन सकेको छैन | नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनर्संरचना र अधिकारको बाडफाडको कार्यन्वयनलाइ प्रभावकारी बनाउन चालु पन्ध्रौ योजनाको लक्ष्य एबम् उद्देश्य हासिल गर्न कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर प्रदान गरि समानता कायम गर्नका लागि न्याय पूर्ण समाजको स्थापना गर्न आवश्यक रहेको छ | समाबेशी लोकतन्त्र लाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र स्थानिय निकाय अन्तर्गत बनाइने समिति तथा संरचनाहरुमा लैससास समुदायका व्यक्तिहरुको समतामुलक र अर्थपूर्ण पहुँच स्थापित गर्न पनि लैंगिक समानता र सामाजिक समाबेशिकरण आवश्यक रहन्छ |

नेपालले गरेको राष्ट्रिय तथा अन्तरास्ट्रिय प्रतिबद्दतालाई पुरा गरि समानता कायम गर्नका लागि राष्ट्रिय लैंगिक समानता नीति आवश्यक रहेको छ | सबै वर्ग तथा समुदायहरुको आवाज वा गुनासो सुन्न सकिएको छैन | लैससास अन्तर्गतका समुहहरुलाई आफ्नो अधिकार र बिधमान कानुनी प्रावधानका सम्बन्धमा यथेस्ठ जानकारी हुन सकेको छैन । समाजमा बिभिन्न गलत अभ्यास, रिति रिवाज, चालचलन विधमान रहेका छन् । जसले बिकासका लागि व्यक्तिहरुको अर्थपुर्ण सहभागिता सुनिश्चितता गर्न राज्यको स्रोत साधनलाई पारदर्शी र जवाफदेही बनाउन निम्नलिखित आवश्यकताहरु छन् |

- शासकीय प्रणालीमा सबै वर्ग, लिङ्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न |
- स्थानीय तहको योजनमा तर्जुमा प्रक्रियालाइ लैंगिक उत्तरदायी बनाउन संगै नीति, कानुन र संरचनामा लैससास मुलप्रवाहीकरण गर्न |
- यस अन्तर्गत संचालन हुने रणनीतिक योजना तथा कार्यक्रमलाई मार्गदर्शन गर्न सरोकारवालाहरु बीच बुझाइमा एकरुपता कायम गर्न र लैससास सम्बन्धि कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्याउन |
- राष्ट्रिय तथा अन्तरास्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता, संघिय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता अनुरुपको दायित्व पुरा गर्न |
- लैससास अन्तर्गतका समूहहरुका समस्या र पिडित वर्गका गुनासो सुनुवाईको उचित व्यवस्था गर्न। सरकारमा सामाजिक समावेशीकरणका अभ्यासहरुलाई संस्थागत गर्न | लैंगिक असमानता र हिंसाका विभिन्न स्वरूपलाई निरुत्साहित गर्न ।
- बालबालिकाहरुको सर्वांगीण बिकासको लागि समुदाय स्तरमा बाल क्लब तथा अन्य बालबालिका लक्षित अतिरिक्त क्रियाकलापहरु संचालन गर्न  ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुका लागि आवश्यक कार्ययोजना तर्जुमा गर्न ।
- स्थानीय उत्पादनहरुलाई महिलाहरुको आर्थिक विकास संग जोडेर सशक्तिकरण गर्न |
- सामान्य तथा मध्यम अपाङ्गता भएका र सामान्य काम गर्ने सक्ने ज्येष्ठ नागरिकहरुलाई आर्थिक विकास संग जोडनको लागि आवश्यक कार्ययोजना गर्न |

- राज्यको स्रोत, साधन, अवसर र लाभको वितरणमा लैससास समुदायका व्यक्तिहरुको पहुच वृद्धि गरेर समानुपातिक बितरणको व्यवस्था सुनिश्चित गर्न ।
- स्थानीय सरकारबाट प्रवाह हुने सेवा सुविधामा लैससास समुदायका व्यक्तिहरुको पहुच वृद्धि गर्न ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिबद्धता अनुरुपको दायित्व पुरा गर्न । अब नेपाल सरकारले गरेको दिगो बिकासको लक्ष्य पुरा गर्न लैससास रणनीतिको आवश्यकता पर्दछ ।

### १.३ लैससास रणनीति निर्माणको आधार, बिधि तथा प्रक्रियाहरु

समाबेशी बिकासका लागि महिला, बालबालिका, दलित, जनजाती, ज्येष्ठ नागरिक, यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत, विभेद र बन्चितीकरणमा परेका वा पारिएका वर्गलाई बिकासको मूल प्रवाहमा ल्याउनु यस रणनीतिको मुख्य उद्धेश्य रहेको छ ।

- जातजाति, लिङ्ग, वर्ग, अपाङ्गता भएका तथा उमेरका आधारमा विभेदमा रहेका महिला, बालबालिका, दलित, जनजाती, ज्येष्ठ नागरिक, यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत र बिपन्न वर्गलाई सशक्तिकरणका माध्यमबाट स्रोतसाधनमा समानुपातिक पहुंच बनाउन ।
- लैससास सम्बन्धि सवाललाई अन्तरसम्बन्धित बिषयको रुपमा विकास प्रक्रियामा समाबेश गर्न ।

### १.४ लैससास क्षेत्रमा लक्षित समुदायको पहिचान र वर्गिकरण

विभेद रहित समृद्ध र न्यायपूर्ण समाज स्थापनाको लागि नेपालमा बिगत देखि महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु अशक्त वा असहाय, पिछडिएको क्षेत्र, एकल महिला र हिंसा पिडितहरुलाई समग्र विकास प्रक्रियामा मुलप्रवाहिकरण गर्ने प्रयास गरिएको छ । यसका लागि विभिन्न कार्यक्रमहरु कार्यन्वयनमा ल्याइएको छ । परिणाम स्वरूप लैससास अन्तर्गतका समुदायको सशक्तिकरणमा उल्लेखनीय योगदान पुगेको छ ।

## २. लैससास को अवस्था र विश्लेषण

### २.१ स्थानीय तहको लैससास को अवस्था

यो स्थानीय तहले लैङ्गिक हिंसा बिरुद्धको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेर यस अभियानमा ऐक्यबद्धता जनाईसकेको छ भने आफ्ना नीति तथा कार्यक्रमहरुमा पनि लैससास लाइ नीतिगत रुपमा प्राथमिकतामा राखेको छ। लैंगिक समानताको प्रयासहरुले महिलाको शिक्षा, स्वास्थ्य, सम्पत्ति माथिको स्वामित्व तथा श्रम सहभागितामा सकारात्मक परिवर्तन भएको छ । आमा समूह तथा महिला विकास समूह मार्फत महिलाहरु बचत कार्यमा सक्रिय भएका छन् । पालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिलाई प्रबर्धन गर्दै लैजाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यासमा यो गाउँपालिकाले ऐन, नियम कार्यविधि तथा विभिन्न मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धि संबेदनशील भएर बनाउने प्रयास गरेको छ ।

## २.२ लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या चुनौती र अवसरहरु

समाबेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक समतामुलक पहुँच स्थापित गर्न लैंगिक समानता र सामाजिक समाबेशीकरण अवधारणा आवश्यक छ । प्रत्येक समुदाय जातजातिहरुको, समानुपातिक, सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ । समाजमा बिधमान लैंगिक, जातीय असमानता, विभेदयुक्त ब्यबहार, मूल्य र मान्यता, महिला शोषण तथा उत्पीडन, गरिबी आदिजस्ता बिसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्वारा लैससास क्षेत्रमा राष्ट्रिय तथा अन्तरास्ट्रिय स्तरमा गरिएका हस्तक्षर तथा प्रतिबद्धताहरुलाई कार्यन्वयन गर्न सरकार, गैर सरकारी क्षेत्र, निजि क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको संयुक्त प्रयासमा उल्लेख्य कार्यहरु भएका छन् ।

यसै सन्दर्भ मा यस स्थानीय तहमा मा लैंगिक समानता र सामाजिक समाबेशीकरणको  समस्या, चुनौती र अवसरहरु सहभागितामुलक विधिद्वारा यसको SWOT  विश्लेषण गरेर निकालिएको छ ।

## २.३ पालिकाको SWOT विश्लेषण

समाबेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र पालिका अन्तर्गत समिति र संरचना निर्माणमा लक्षित् बर्गको समतामुलक पहुँच स्थापित गर्न लैंगिक समानता र सामाजिक समाबेशिकरण मूलप्रवाहिकरणको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती देहायानुसार रहेका छन ।

### सबल पक्ष

- लैंगिक समानता र सामाजिक समावेशीकरण सचेतना कार्यक्रम तथा गोष्टि संचालन भएमा निमन्त्रणा स्वीकार गरि बृहत उत्सुकता साथ सहभागी हुनु
- सम्बन्धित बिषयमा दिन प्रतिदिन चासो बढ्दै जानु
- लैंगिक सचेतना कार्यक्रम हुनु
- महिला क्षमता विकास तालिम संचालन हुनु
- ज्येष्ठ नागरिक अपाङ्गताहरुलाई सम्मान कार्यक्रम
- बालबालिका क्षमता विकास कार्यक्रम (तालिम) हुनु ।
- आर्थिक बिपन्न बालबालिकालाई बाल  कल्याण कोष को व्यवस्था हुनु ।
- अपाङ्गता भएका व्यक्तिहरुको परिवारलाई व्यवसायिक अनुदान आर्थिक सहयोग ।

### कमजोर पक्ष

- मानव संसोधन, क्षमता बिकासमा ध्यान नजानु, कानुन बमोजिमको नीति निर्माण भएता पनि व्यवहारमा नियमक पक्षले व्यावहारिक तरिकाले लागु नगर्नु साथै हक अधिकार सम्बन्धि खोजि नगर्नु
- लैससास मा रणनीति तर्जुमा र कार्यान्वयनमा समस्या
- भौगोलिक विकटता
- अशिक्षा, आर्थिक विपन्नता
- रुढिवादी, गरिबी
- स्थानिय तहमा नीति निर्माण नहुनु ।

- सूचना प्रविधिको पहुँच नहुनु
- कुनैपनि काम गर्न महिलासंग समन्वय को कमि हुनु ।

### अवसरहरु

- दिन प्रतिदिन नेतृत्वमा ह्रास आउने क्रममा क्षमतावान नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने नेतृत्वकर्ताहरुको उदय हुने
- लैंगिक समानता र समता बारे राज्यले रणनीतिक हिसाबले निकायमा पक्षले आवश्यकताको आधारमा नियमानुसार प्राप्त हुने पर्याप्त मात्रामा अवसर तथा रोजगारको सिर्जना हुने ।
- स्थानीय तह आएपश्चात महिला तथा बालबालिका हरुले आवाज छनोट गर्ने/अधिकारका उपयोग गर्न पाएका छन ।
- स्थानीय स्रोत साधनको उपयोग गरि आर्थिक वृद्धि र रोजगारीको अवसर प्राप्त भएको
- ऐन कानुन निर्माणका अवसर हरु उपलब्ध हुनु

### चुनौतीहरु

- भौगोलिक विकटता, बिकासका पूर्वाधारमा कामहरुले पूर्णता नपाउनु ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ मा दिएको पालिकाको कार्य लैससास सम्बन्धि जिम्मेवारलाई लागु गर्न समस्या ।
- न्यायिक समितिका काम कर्तव्यहरू प्रत्येक टोल टोल मा कार्यक्रम लान नसक्नु ।
- महिला पुरुष तथा बालबालिकामाथि हुने यौनिक तथा लैंगिक हिंसा, घरेलु हिंसा सम्बन्धि प्रत्यक्ष रुपमा आवाज उठाउन नसक्नु ।
- लक्षित वर्ग लाई पर्याप्त मात्रामा बजेट उपलब्ध नहुनु
- उपलब्ध भएका ऐन कानुनको प्रभावकारी कार्यान्वयन नहुनु
- अनुगमन समितिको तर्फ बाट सुझाव सल्लाह कार्यान्वयन नहुनु

### समस्याहरु

- भौगोलिक विकटता
- अशिक्षा, आर्थिक विपन्नता, रुढिवादी, गरिबी
- स्थानिय तहमा नीति निर्माण नहुनु ।
- सूचना प्रविधिको पहुँच नहुनु
- उत्पादक आय मुलक नगदे बालीहरुको संरक्षण सम्बन्धि अभिमुखीकरण को खाँचो ।
- सहभागितात्मक संख्या भए पनि निर्णयात्मक संलग्नता नभएको
- सरकारी संघ संस्थाको भौतिक अवस्था लक्षित वर्ग मैत्री भइनसकेको
- कर्मचारी को अभाव
- पर्याप्त बजेट नभएको

## अनुगमन तथा मुल्याङ्कन

हाल सम्म यस पालिकामा, सबै कार्यक्रम, आयोजनाहरुको लैससास दृस्टीकोणबाट अनुगमन तथा मुल्याङ्कन गरिएको छैन तर आगामी दिनहरुमा सो कार्य को अनिवार्य व्यवस्था गर्ने योजना रहेको छ |

## २.४ सरोकारवाला पहिचान तथा विश्लेषण

सिलीचोंङ गाउँपलिकाका सरोकारवालाहरु नवनिर्वाचित जनप्रतिनिधिहरु, बिषयगत शाखाका प्रमुख एवम् कर्मचारीहरुको सहभागितामा बिस्तृत रुपमा छलफल तथा लैससास सवालमा स्थानीय तहको सवल पक्ष सुधार पक्ष, अवसर र चुनौतिहरुको बिषयमा सरोकारवाला सहित विभिन्न संघ संस्थाका सहभागीता बाट पहिचान र विश्लेषण गरिएको छ भने यसका साथै यो लैससास रणनीति बनाउनको लागि मिश्रित बिधि अपनाइएको छ । यसका परिणात्मक भन्दा गुणात्मक विधिको प्रयोग गरिएको छ | गुणात्मकमा साक्षात्कार अन्तर्वार्ता, प्रश्नावली र सहभागिता मुलक विधिको अन्तरक्रियाबाट यो रणनीति बनाइएको छ | रणनीति निर्माणमा सम्बन्धित सरोकारवालाहरुको सहभागिता रहेको ले यो रणनीति प्रति सबै सरोकारवालाको अपनत्व विकास भई प्रभावकारी कार्यन्वयनमा सहजता आउने छ | यस रणनीति तयार गर्ने क्रममा लैससास स्थानियकरण नीति, २०७५ लाइ पनि आधार मानिएको छ |

## २.५ लक्षित वर्ग पहिचान

महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु अशक्त वा अशाहाय, पिछडिएको क्षेत्र, एकल महिला, आर्थिक, सामाजिक रुपमा पछाडी परेका बर्गको पहिचान गर्ने प्रयास गरिएको छ |

यहाँका अधिकांश मानिस कुलुङ, मेवाहाङ र राई छन् भने बि.क, तामाङ, क्षेत्री, नाछिरिंग, शेर्पा, थुलुंग र खालिंग अल्पसंख्यकको रुपमा रहेका छन |

## ३.दिर्घकालीन सोच

लैससास सम्बन्धि सामाजिक तथा सांस्कृतिक रुपमा बिद्यमान मूल्य, मान्यता, प्रथा संस्कार र व्यवहारमा परिवर्तन गर्दै विकास प्रक्रियामा महिला पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समुहहरु तथा पिछडिएका बर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि आर्थिक, सामाजिक, राजनैतिक, र सार्वजनिक जीवनमा सशक्तिकरण गर्न लैंगिक मैत्री, समाबेशी समानुपातिक र समतामुलक समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने |

## ४.धेय्य

महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव र हिंसालाई निरुत्साहित गर्दै आर्थिक सामाजिक र राजनैतिक रुपमा सशक्तिकरण सहित कानुनी तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समुहहरु तथा पिछडिएका बर्गहरु बीच समानता स्थापित गर्ने |

## ५.लक्ष्य

आर्थिक, सामाजिक र राजनैतिक रुपमा सशक्तिकरण सहित कानुनि तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समूह तथा पिछडिएका वर्गहरु बीच समानता स्थापित गर्ने ।

## ६.उद्धेश्यहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको उद्देश्य लैससास अवधारणा अनुसार स्थानीय तहले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चिता, उपलब्धिको समतामूलक वितरण उपयोगी बनाउने रहेको छ । यसका मुख्य उद्देश्यहरु निम्न अनुसार छन् ।

- महिला, अपाङ्गता, सिमान्तकृत, अल्पसंख्यक, जेष्ठ नागरिक, बालबालिकाको तथा आर्थिक रुपमा विपन्न वर्गलाई सामाजिक, आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था सँगै आर्थिक समृद्धि र दिगो विकासको लागि लक्षित समुदायको समाज अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत साधान अवसर तथा लाभममा सबैको समान पहुँच सुनिश्चित गर्न ।
- लैगिंक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता सामाजिक समावेशीकरण र लैगिंक मूल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता साथै संघीय र प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुप दायित्व पुरा गर्ने
- लैगिंक उत्तरदायी तथा समावेशी बजेट परिक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित समुदायहरुको क्षमता विकास गर्दे अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरको प्रभावलाई लैससासको मूलप्रवाहिकरण समावेश गर्न ।

## ७. रणनीतिहरु

### मुख्य नीतिहरु

- महिलाको आर्थिक, राजनैतिक र सामाजिक सशक्तिकरण गर्न जोड दिईनेछ । लैससास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विभिन्न सेवाप्रदायक, सरोकारवाला, अधिकारवादी संघ संस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि गरिनेछ ।
- विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गीक मैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिईनेछ । राज्यको सबै तह र क्षेत्र तथा निकायहरुमा लैङ्गीक उत्तरदायी तथा सामाजिक समावेशी युक्त शासन पद्धति अवलम्वन गरिनेछ ।
- गाऊँपालिकाको विद्यमान र नयाँ तर्जुमा हुने नीति कार्यक्रम तथा बजेट लाई लैङ्गीक उत्तरदायी बनाउँदै लैससास अन्तरगतका समुहहरुको योजनावद्ध रुपमा व्यक्तिगत तथा सामुहिक क्षमताको विकास गर्दै विकास प्रक्रियामा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरी आर्थिक, सामाजिक, राजनैतिक र सार्वजनिक जिवनमा सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

## ७.१ नीति बिद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिक मैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने

### रणनीति

- लैससासलाई संस्थागत गर्न विद्यमान र नयाँ आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने ।
- लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने । स्थानीय तहको वार्षिक, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, कार्यक्रम तथा बजेटहरुको लैससास दृष्टिकोणबाट तर्जुमा गर्ने

### कार्यनीति

- लैगिंक समानता कायम गर्न आवश्यकता अनुसार विधमान कानून, मापदण्ड तथा कार्यविधीहरुलाई परिमार्जन गर्दै लैगिंक समानतायूक्त बनाईनेछ ।
- महिला, किशोरी तथा बालिकालाई संविधान प्रदत्त मौलिक हक तथा सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढीकरण, सामाजिक जागरण र सचेतना अभियान संचालन गरिनेछ ।
- महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धि गरी सकारात्मक विभेदको कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी ढङ्गले संचालन गरिने छ ।
- सार्वजनिक तथा निजी भौतिक संरचनाहरुको निर्माण लैगिंक मैत्री मापदण्ड अनुरुप गरिनेछ ।
- परिवार, समाज तथा कार्यस्थलमा महिला प्रति मार्यादित व्यवहार तथा भाषा शैलीलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रमहरुमा खासगरी स्थानीय तहका निर्वाचित महिला प्रतिनिधि, विधालय तथा अभिभावक, टोल सुधार समिति, स्थानीय संघ संस्थाहरुलाई क्रियाशिल बनाइनेछ ।
- लैगिंकमैत्री समाज निर्माण गर्न विद्यालय शिक्षा देखि नै लैगिंक मैत्री पाठ्य सामाग्री र पठनपाठन पद्धतिको विकास गरी पाठ्य सामाग्रीमा लैङ्गीक समानता झल्कने चित्र, कार्टुन लगायतका विषयहरुलाई समावेश गरिनेछ ।
- महिलाको मर्यादालाई अवमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथा विरुद्ध अभियान संचालन गरिनेछ।
- संचार माध्यमबाट नियमित रुपमा लैगिंक समानता तथा महिला, किशोरी र बालिका प्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम संचानल गर्नु सार्थ श्रव्य दृश्य सामाग्रीको उत्पादन तथा प्रसारणको व्यवस्था मिलाईनेछ।
- लैङ्गीक भूमिकामा रुपान्तरण सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन र वितरण, समुदायमा आधारित संस्था, समूह, परिवार र व्यक्तिलाई सम्मान लगायतका प्रवर्धनात्मक कार्य गरिनेछ ।

### ७.२ रणनीतिको बार्षिक, आवधिक, योजना, कार्यक्रम तथा बजेटहरुको लैससास दृस्तकोणबाट तर्जुमा गर्ने रणनीति

स्थानीय तहको वार्षिक, आवधिक तथा कार्यक्रमहरुमा बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैगिंक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडि परेका पारिएका वर्ग र समूदायका लागि पुँजिगत बजेटबाट न्यूनतमा प्रतिशत तोकिने कुरा रणनीतिमा नै उल्लेख गरिनेछ ।

- लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैगिंक तथा यौनिक अल्पसंख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायहरुको आवश्यकताहरु पहिचान गरिनेछ ।
- स्थानीय तहले लैससास समन्वयन समिति, वडा तथा तहसम्म उपसमितिहरुको संरचनाहरु विकास र विस्तार गरिनेछ ।
- प्राकृतिक विपत र स्वास्थ्य माहामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समूदायका लागि आवश्यक पर्ने उद्धार, राहत तथा पुनर्स्थापनाका लागि स्थानीय तहमा स्पष्ट नीति, रणनीति तयार गरिनेछ ।
- स्थानीय तहको योजना तथा सार्वजनिक सरोकारका विषय वस्तुहरुको जनकारी लैससास अन्तर्गतका समुहहरु सम्म पुर्याउन संचारका माध्यमबाट सम्प्रेषण गरिनेछ ।
- स्थानीय तहको नीति, कानून, योजन, कार्यक्रम, बजेट, आदिको तर्जुमा गर्दा महिला, दलित, आपङ्गता भएका व्यक्तिहरु, लैगिंक तथा यौनिक अल्पसंख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको अर्थपूर्ण सहभागिता तथा प्रतिनिधित्वमा सुनिश्चित गरिनेछ ।
- स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोलस्तरबाटनै लैससास समुह भित्र पनि विपिन्न वर्गको अर्थपूर्ण सहभागितामा जोड दिइनेछ ।
- सार्वजनिक नीति निर्माण, कार्यन्वयन तथा लाभ बाँडफाँडमा महिला सशक्तिकरणको विषय, बजेट, तथा कार्यक्रम निर्माणमा महिला सहभागिता एवम् लैगिंक उत्तरदायी बजेट विनियोजन र कार्यन्वयन समेतलाई विश्लेषण गर्न लैगिंक परिक्षण कार्यको थालनि गरिनेछ ।
- लैससासको दृष्टकोणमा आधारित भई वार्षिक योजना, आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरिनेछ ।

### ७.३ रणनीति लैससास मुलप्रवाहीकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने

**कार्यनीति**

- लैससासबारे संविधान, वर्तमान संघीय शासन स्वरुप नीति नियम, ऐन, कानून कार्यविधि आदिमा भएको व्यवस्थाहरुको सबै सरोकारवालाहरु सँग प्रभावकारी समन्वयन कायम गरी कार्यन्वयन गर्न सक्रिय संस्थागत संरचना निर्माण गरी गाउँपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संघसंस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेहि बनाउदै लगिनेछ ।
- समानता तथा सामाजिक समावेशिकरण समन्वय समिति र उपसमितिहरुलाई कार्यभार प्रभाविकारिता पूर्व वहन गर्न क्षमता विकासको व्यवस्था गरिनेछ । लैगिंक समानता तथा सामाजिक समावेशिकरण सम्वन्य समिति वडा स्तरसम्म बिकास र विस्तार गरिनेछ ।

- विशेष गरी पछाडि परेका वा परिएका वर्ग, समूहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक सचेतिकरण तथा क्षमता अभिवृद्धि गरी स्थानीय तहको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक विकास गरिनेछ ।
- विपद, महामारी जस्ता जोखिम अवस्थाहरुमा लैससास अन्तर्गतका समुहहरुका लागि आवश्यक पर्ने उद्धार, राहत र पुर्नस्थापना लागि स्थानीय तहमा स्पष्ट नीति तयार गरिनेछ ।

## ७.४ राज्यको सबै तह, क्षेत्र तथा निकायहरुमा लैंगिक उत्तरदायी शासन पद्धती अवलम्बन गर्ने

### रणनीति

- स्थानीय तहको योजना तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाइनेछ । लैङ्गिक दृष्टिकोणबाट लैससास अन्तर्गतका समुहहरुप्रति जवाफदेहि रहेको कुराको सुनिश्चिता गर्न सामाजिक लेखा परिक्षण तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गरिनेछ ।
- कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीन वटै शासकीय तहमा लैगिंक उत्तरदायी शासन प्रणालीको विकास गरिनेछ । राजनैतिक क्षेत्रमा महिलाहरुको सहभागिता वृद्धि र प्रभावकारी बनाउन विशेष जोड दिईनेछ ।

## ७.५ रणनीति पालिकाको योजना तजुर्मा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाउने

### कार्यनीति

- स्थानीय तहका, वडा स्तर, तथा समुदाय र टोल स्तरमा गठन गरिने विभिन्न सञ्जाल, समूह तथा लैगिंक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडि परेका समुदायहरुको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चत गरिनेछ ।
- लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैगिंक तथा यौनिक अल्पसंख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडि पारिएका,पारेका समुदायको आवश्यकताहरुको पहिचान गरिने छ र आवश्यकता आधारित रहेर स्वरोजगार मूलक कार्यक्रम तय गरिनेछ ।
- स्थानीय तहबाट संचालन हुने कार्यक्रमहरुमा लैससासको अवधारणा अनुसार सहभागिता र लाभमा खण्डिकृत तथ्याङ्क संकलन र नियमित रुपमा अध्यावधिक गरिनेछ । स्थानीय तहको योजना तथा कार्यक्रमहरुको समिक्षा गर्दा खण्डिकृत सूचना र प्रतिवेदनलाई आधार मान्ने व्यवस्था गरिनेछ ।।

## ७.६ रणनीतिक लैंगिक दृस्तिकोणबाट लक्षित समुदायेप्रती जवाफदेही रहेको कुराको सुनिश्चतता गर्न सामाजिक लेखा परिक्षण तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चतता गर्ने

### कार्यनीति

- स्थानीय तहको योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा वार्षिक रुपमा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोग तथा लैससास परिक्षण गरिनेछ । गाउँपालिकको सूचना तथा जानकारी सम्प्रेषण गर्दा लैससास अन्तरगतका समुहहरुका मातृभाषा समेत सम्प्रेषण गरिनेछ ।
- नियमित रुपमा सार्वजनिक सुनुवाई गर्दा लैससास सम्बन्धी जनचेतना मूलक कार्यक्रम गर्दै बाल क्लव, यूवा क्लव, किशोरी समुह, आमा समुह आदि स्थानीय संगठनहरु संस्थागत गरी विभिन्न

प्रकारको सामाजिक तथा साँस्कृतिक हानिकारक मुल्य मान्यता, बाल विवाह, मानव बेचविखन, जातिय छुवाछुतको प्रथा, महिनावारी सम्बन्धी गतल अवधारणा, अन्धविश्वास जस्ता समाजलाई हानी पुर्याउने कार्यहरु साथै सरसफाई बारेमा व्यापक जनचेतनाको कार्य संचालन गरिनेछ । स्थानीय तहको मूल्यांकन प्रविधि र सूचकहरुलाई लैससास उत्तरदायी बनाईनेछ ।

### ७.७ रणनीति कानुनी प्रबन्ध संस्थागत सुधार तथा क्षमता बिकासका माध्यमबाट तिन वटै शासकीय तहमा लैंगिक उत्तरदायी साशन प्रणालीको विकास गर्ने

**कार्यनीति**

- स्थानीय तह, वडा तथा समुदाय स्तरमा लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यन्वयन गर्न सम्बन्धित शासकिय तहको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय तहमा कानून निर्माण तथा कार्यन्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई लैगिंक रुपान्तरण र लैङ्गीक उत्तरदायी बजेट प्रकृया बारे अभिमुखिकरण गरिनेछ । सबै विषय तथा क्षेत्रगत रणनीतिहरुमा लैङ्गीक समानता तथा महिला सशक्तिकरणका विषयलाई समावेश गरी कार्यान्वयनमा ल्याइनेछ ।
- लैङ्गीक उत्तरदायी बजेट प्रणालीलाई पालिकाको सबै शासकीय तहमा संस्थागत गरिनेछ । सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा महिलाका लागि सकारात्मक विभेदको नीति अवलम्वन गर्न र नीति क्षेत्रका सेवा प्रवाहलाई लैससास मैत्री बनाउन प्रोत्साहन गरिनेछ ।
- समानता र लैङ्गीक मैत्री व्यवहार सम्बन्धि विषयहरुमा स्कुल तथा समुदायमा खुल्ला छलफल र अन्तरकृयामा पुरुष, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक अभियन्ता, महिला, किशोरी एवम् लैङ्गीक तथा यौनिक अल्पसंख्यक पैरवीकर्ताको परिचालन गरिनेछ ।

### ७.८ नीति महिलाको आर्थिक, राजनैतिक र सामाजिक शसक्तिकरण गर्ने

**रणनीति**

- लैगिंकतामा अधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभाि‍गता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्यांकन गर्ने । स्वरोजगार, रोजगारी र उधमशीलताको एकीकृत कार्यक्रमका अर्थपूर्ण माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने ।
- स्रोत साधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णायक प्रक्रियामा अर्थपूण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलाको आत्मनिर्भर बनाउने ।

### ७.९ रणनीतिक लैंगिकतामा आधारित श्रम विवाजन को परम्परालाई परिवर्तन गरि श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मुल्यांग्कन गर्ने

**कार्यनीति**

- घरेलु कामकाज, हेरचाह कार्य र अभिभावकिय भूमिकामा महिला र पुरुषको समान भूमिकालाई प्रवर्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ । घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक पक्षको मूल्यांकन गरी अर्थतन्त्रमा पुर्याएको योगदानको गणना गरिनेछ ।

- महिलाको पारिवारिक एवम् औपचारिक क्षेत्रमा रोजगारी उन्मुख गराउन घरेलु तथा हेरचाह जन्य कार्यको बोझ घटाउन प्रविधीको प्रयोग गर्न प्रोत्साहन मूलक कार्यक्रम संचानल गरिनेछ ।
- प्राविधिक शिक्षामा, पेशा तथा रोजगारीमा रहेको लैगिंक अन्तर घटाउन विशेष अभियान संचानल गरिनेछ । महिलाको पारिवारिक एवम् व्यवसाहिक जीवन बीचको सन्तुलन कायम गर्ने गरी पारिवारिक काममा पुरुषको भूमिका बढाउन प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- श्रम प्रतिको सम्मान गर्ने परिपाटी बसाउन विधालया शिक्षा एवम् संचार माध्यममा चेतनामूलक सूचना प्रवाह एवम् सामाजिक अभियान आदि कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । महिला तथा किशोरीहरुको लागि प्रजनन स्वास्थ्य तथा महिनावारी सम्बनधी चेतनामूलक कार्यक्रम तथा तालिमहरु संचलान गरिनेछ ।
- स्थानीय उत्पादनलाइ महिला उद्यमसँग जोडि क्षमता विकासको लागि तालिम दिईनेछ । वडा स्तरमा महिलाहरुलाई सहकारी, उद्घघोषण तथा भाषणकलाको तालिम दिईनेछ ।

### ७.१० रणनीतिक, स्वरोजगार, रोजगारी र उधमशिलाताको एकीकृत कार्यक्रमका अर्थपूर्ण माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने

**कार्यनीति**

- व्यवसायिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उधम एवम् सीप विकास तथा उधोगसँग सम्बन्धित सीप विकास कार्यक्रम संचालन गरी महिलाको आर्थिक क्रियाकलापमा वृद्धि गरिनेछ । कृषि पशुपालन, सहकारी, खानेपानी उपभोक्ता समिति लगाएतका कार्यक्रममा स्थानीय तह मार्फत महिलाको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गरिनेछ ।
- व्यापार व्यवसाय एवम् उधोग गर्न आवश्यक जानकारी तथा सूचना प्रदान गर्न एवम् अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजिकरण गरिनेछ । सार्वजनिक, निजी, साझेदारीमा सञ्चालन गरिने परियोजनामा महिला प्रवान्धित लगानीलाई बिशेष सहुलियत साथ समावेश गरिनेछ ।
- विपन्न तथा सीमान्तकृत महिलाका लागि विशेष संरक्षणात्मक एवम् जीवकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला तथा पिछडिएका उधमीद्धारा उत्पादित वस्तुको सङ्कलन भण्डारण र गुणस्तर परिक्षणको व्यवस्था मिलाउनुको साथै एक स्थानीय तहमा एक विक्री केन्द्रको व्यवस्था गरी उत्पादनको एकिकृति बजारीकरणमा जोड दिइनेछ ।
- महिला तथा पिछडिएका उद्धमिद्धारा उत्पादित वस्तुको संकलन भण्डारण र गुणस्तर परिक्षणको व्यवस्था मिलाउनको साथै एक स्थानिय तहमा एक विक्रि केन्द्रको व्यवस्था गरी उत्पादनको एकिकृत बजारीकरणमा जोड दिइनेछ ।
- महिलाको निर्णय प्रक्रियमा अर्थपूर्ण सहभागिता गर्न र महिलाको नाममा सम्पति राख्ने प्रक्रियालाई थप सरलीकृत गरिनेछ । महिलाहरुलाई प्रर्यटन व्यवसाय सम्बन्धी आतिथ्य सत्कार, अङ्ग्रेजी भाषा, वेटर आदि तालिमहरुको व्यवस्था गरिनेछ ।

७.११ रणनीति स्रोत साधन माथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णायक प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरि आर्थिक सशक्तिकरणको मध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने

**कार्यनीति**

- स्वदेशी पूँजी बजार, व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीको साथै सम्पूर्ण आर्थिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरिनेछ ।
- महिला समूहसँग जम्मा भएका पुँजीलाई उचित व्यवस्थापन गर्न सहजिकरण गरिनेछ । महिला उद्यमशीलता प्रशिक्षण केन्द्र स्थापना गरी एकिकृत कार्यक्रम संचालन गरिनेछ । उनीहरुद्वारा प्रवर्धित उधोग व्यवसाय दर्ता, विद्युत महसुल, ऋण र बीमामा छुट सुविधा तथा सहुलियत प्रदान गर्न व्यवस्था गरिनेछ ।
- आर्थिक क्रियाकलापमा व्यवसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाईनेछ ।
- महिलालाई उधमशीलताको विषयमा जानकारी र आवश्यक प्रविधिक सहयोग उपलव्ध गराउन प्रत्येक स्थानीय स्तरमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना गरी संचालन गरिनेछ । कार्यस्थलमा स्तनपान कक्ष र दिवा शिशु स्याहार केन्द्रको व्यवस्था गरिनेछ । पूर्ण संस्थागत सुत्केरी सुनौलो एक हजार दिन तथा सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकार लाई थप सुनिश्चित गर्न कार्यक्रमहरु संचालन तथा प्रर्वद्धन गर्दै लगिनेछ ।
- उद्यमशिलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तिकरणको लागि जीविकोपार्जन सुधार कार्यक्रम संचालन गरिनेछ । महिला विकास कार्यक्रमलाई परिमार्जन गरी विगतका असल अभ्यास र उपलब्धीलाई स्थानीय तहमा संस्थागत गर्दै महिला समूहद्धारा प्रवर्धित महिला सहकारी संस्थालाई उत्पादनमूलक व्यवस्था तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिनेछ ।
- सवै स्थानीय तह, संरचना तथा विकास प्रक्रियाका प्रत्येक चरणमा क्रमश महिलाको सहभागिता वृद्धि गर्दै ५० प्रतिशत हुने व्यवस्था गरिनेछ ।
- नीति निर्माण तहमा महिलाको सहभागिता वृद्धि गरी कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायत लाभ तथा प्रतिफलमा महिलाको सारभूत सहभागिता सुनिश्चित गरी असल अभ्यासको अनुकरण गरिनेछ ।

७.१२ लैससास नीति प्रवाभकारी रुपमा कार्यन्वयन गर्न क लागि विभिन्न सेवा प्रदायक सरोकारवाला, अधिकारवादि संघसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अविबृधि गर्न |

**रणनीति**

- स्थानीय तहका लैसासास सम्बन्धी क्षमता अभिवृद्धिको कार्यविधि तर्जुमा गरिने छ । गाऊँपालिकाको समिति तथा वडागत संरचनाहरुमा कार्यजिम्मेवारीमा क्षमता विकासको व्यवस्थाको उल्लेख गरिने ।
- सरोकारवाला र अधिकारवादि संघसंस्थाहरुको क्षमता अभिवृद्धि गरी समन्वय र सहकार्य गर्ने ।

## ७.१३ रणनीति पालिकामा लैससास सम्बन्धि क्षमता अविवृद्धिको कार्यविधि तजुर्मा गर्ने

**कार्यनीति**

- स्थानीय तहको सेवा प्रदायकहरु, सरोकारवाला, अधिकारवादी संघसस्थाहरुको लैससास सम्बन्धमा क्षमताको पहिचान गरी क्षमता अभिवृद्धि कार्ययोजना तर्जुमा गरी आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । क्षमता विकासका तालिमहरु अर्थिक वर्षको सुरुवातमानै उपलव्ध गराईनेछ ।
- स्थानीय तहस्तरमा लैससास सम्बन्धी मास्तर प्रशिक्षकहरु उत्पादन गर्ने र सोको परिचानल गरिनेछ । स्थानीय तह अन्तर्गत योजना तर्जुमा प्रकृयामा संलग्न कर्मचारी र संस्थाहरुलाई लैससासका समस्या र चुनौतिहरुको अवलम्वन गरी समस्या समाधान गर्न विभिन्न उपायहरु साथै लैससास उत्तरदायी योजना तथा बजेटको विधिहरु बारेमा क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।
- स्थानीय तहबाट संचालन हुने सबै तालिम, अन्तरक्रिया वा गोष्ठिहरुमा अनिवार्यरुपमा लैससासका विषयहरु समेट्ने साथै स्थानीय तहको मानव संशोधन तथा क्षमता विकास शाखा मार्फत कुनैपनि कार्यक्रममा लैससास प्रर्वद्धनकालागि समेट्नु पर्ने विषय तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## ७.१४ रणनीति सरोकारवाला र अधिकारवादी संघसंस्थाहरुको क्षमता अविवृद्धि गरि समन्वय र सहकार्य गर्ने

**कार्यनीति**

- लैससासका सवाललाई न्यायिक समितिमा प्रमुख प्राथमिकताका साथ सुनुवाई गरिनेछ ।
- विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न समुदायका लागि सिपमूलक, आयमूलक, उद्यमशीलता जस्ता आर्थिक उपार्जन र जीवन उपयोगी कार्यक्रमहरुको संचालन गरिनेछ । लिङ्गमा अधारित हिंसा र भेदभावपूर्ण व्यवहार विरुद्ध हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुका अनिवार्य अर्थपूर्ण सहभागिता गराईनेछ ।

## ७.१५ नीति लक्षित समुदाएको योजनाबद्ध रुपमा व्यक्तिगत तथा सामुहिक क्षमता विकास गर्दै विकास प्रक्रियामा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरि आर्थिक सामाजिक राजनैतिक र सार्वजनिक जीवनमा सशक्तिकरण गर्ने

**रणनीति, कार्यनीति**

- लैङ्गिक दृष्टिकोणबाट लैससास अन्तर्गतका समुहहरुको प्रत्यक्ष रोजगारी वृद्धि हुने किसिमको कार्यक्रम कार्यान्वयन गर्ने । लैससास अन्तरर्गतका समुहरुलाई स्थानीय स्रोत तथा साधनको लाभको र उपयोगको पहुँच र नियन्त्रणको सुनिश्चित गर्ने ।
- लैङ्गिक दृष्ट्रिकोणबाट लैससास अन्तरगर्तका समुहरुको प्रत्यक्ष रोजगारी वृद्धि हुने किसिमको कार्यक्रम कार्यान्वयन गर्ने कार्यनीति ।
- स्थानीय उत्पादनलाई आर्थिक विकाससँग जोडेर प्रर्वद्धन गर्न आवश्यक औजार तथा मेशिनहरु उपलव्ध गराईनेछ । लैससास अन्तर्गतका समुहहरुलाई व्यक्तिगत तथा सामुहिक रुपमा सिपमूलुक तालिम उपलव्ध गराई स्थानीय स्रोत, साधान र सिपको उचित व्यवस्था गरिनेछ ।

- सामुहिक रुपमा घरबास पर्यटन व्यवसायलाई संचालन गर्न विशेष प्राथमिकात दिईनेछ । स्थानीय उत्पादनलाई पर्यटनसँग जोडी लैससास अन्तर्गतका समुहरुको आर्थिक सुधारमा जोड दिईनेछ ।

## ७.१६ रणनीति लैससास अन्तर्गतका समुहहरुको स्थानीय स्रोत तथा साधनको लाभको र उपयोगमा पहुँच र नियन्त्रणको सुनिश्चित गर्ने यसको नीति ?

### कार्यनीति

- वडास्तरमा वा समुदाय स्तरमा एक कोशेली घरको स्थापना गरी स्थानीय उत्पादनलाई पर्यटन व्यवसाय सँग जोडि आर्थिक विकासमा जोड दिइने कार्यलाई निरन्तरता दिईनेछ । स्थानीय स्रोत, साधान तथा उत्पादनको लागि बजार, प्रशोधन केन्द्र र भण्डारणको व्यवस्था गरिनेछ ।
- स्थानीयक स्रोत साधान र उत्पादन तथा उपभोगमा दिगो विकासको लागि वातावरण मैत्री विकासको योजना सम्बन्धी संस्थागत रुपमा सचेतिकरण अभियान संचालन गरिनेछ ।।
- जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति, महिला, बालबालिका तथा सम्रग लैससास अन्तरर्गत पर्ने समूहहरुको सरोकारवाला जनप्रतिनिधि सँग अन्तरकृया कार्यक्रम तथा भौतिक पूर्वाधारको विकास गरिनेछ । लैससास मैत्रि अवधारणामा आधारित एक बस्ति एक बज्यै तातो गृह स्थापना गरिनेछ ।
- महिला र बालबालिकहरुलाई महिला अधिकार, बाल अधिकार, चेलिबेटी बेचबिखन, बाल दुर्व्यसन जस्ता गम्भिर विषयहरुको बारेमा चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय तहमा विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपांगता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि र आय आर्जन तथा रोजगारी वृद्धि गर्नुको साथै सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गरिनेछ ।
- कृषि सहकारी पर्यटन आदिको समुचित विकास एवं प्रर्वद्धन गरी स्थानीयबासीको लागि स्वरोजगारको व्यवस्था गरिनेछ । स्थानीय तहबाट संचालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणकालागि लैससास अन्तर्गतका समुह हरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिन रुपमा हासिल गर्न सक्ने गरी सुचाङ्कहरुको सूची तयार गरिनेछ ।
- स्थानीय तह स्तर, वडास्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न संञ्जाल समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको लैससासको आधारमा आर्थिक, सामाजिक, राजनैतिक र सार्वजानिक जीवनमा सशक्तिकरण गरी सामानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिनेछ ।

## ८. रणनैतिक क्रियाकलापहरु

तालिका १

## ८. रणनैतिक क्रियाकलापहरु

| क्रस | उद्धेश्य | रणनीति | रणनीतिक क्रियाकलापहरु | अनुमानित लागत | आर्थिक बर्ष | मापनका सुचकहरु |
|---|---|---|---|---|---|---|
| १ | महिला अपाङ्गता सिमान्तकृत अल्पसंख्यक, ज्येष्ठ नागरिक, बालबालिकाको तथा आर्थिक रुपमा बिपन्न वर्गलाई सामाजिक, आर्थिक, बिकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्ने । | १.१ लैससास लाई संस्थागत गर्न बिधमान र नया आवश्यक कानुन नियमावली कार्यविधि तथा मापदण्डहरुको तजुर्मा गर्ने ।।<br>१.२ महिला अपांगता सिमान्तकृत अल्पसंख्यक, ज्येस्ठ नागरिक, बालबालिकाको तथा आर्थिक रुपमा बिपन्न वर्गलाई संबिधान प्रदत्त मौलिक हक तथा सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढिकरण सामाजिक जागरण सचेतना र सशक्तिकरण अभियान संचालन गरिनेछ ।<br>१.३ स्वरोजगार, रोजगारी र उद्धमशिलताको एकीकृत | १.१.१ जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति,महिला बालबालिका तथा समग्र लैससास अन्तर्गत पर्ने समुहहरुको सरोकारवाला जनाप्रतिनिधि संग अन्तरक्रिया कार्यक्रम गर्ने<br>१.१.२ लैससास मैत्री अवाधरानामा आधारित एक वस्ती एक बज्यै, तातो गृह, पिपल चौतारी, सार्वजनिक स्थानमा सूचना र प्रविधिको पहुँचको स्थापना गरिनेछ ।।<br>१.१.३ महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपांगता, आदिबासी, जनजाती, तथा अन्य आर्थिक भौगोलिक सामाजिक तथा संस्कृतिक दृष्टिले पिछडीएका समुदाएको खण्डीकृत तथ्यांक संकलन गर्ने | ३ लाख<br>७ लाख<br>२ लाख<br>५ लाख | २०८१/८२<br>२०८२/८३<br>२०८१/८२<br>२०८१/८२<br>२०८१/८२<br>२०८२/८३<br>२०८३/८४ | लैससास बजेट विनियोजन<br>लैससास बजेट परिक्षण प्रतिबेदन<br>आर्थिक, सामाजिक प्रतिबेदन, अर्थ बार्षिक बजेट र बार्षिक बजेट प्रतिबेदन<br>अनुगमन तथा मुल्यांकन प्रतिवेदन<br>खण्डीकृत तथ्यांक को प्रतिबेदन |

| क्रस | उद्धेश्य | रणनीति | रणनीतिक क्रियाकलापहरु | अनुमानित लागत | आर्थिक बर्ष | मापनका सुचकहरु |
|---|---|---|---|---|---|---|
| | | कार्यक्रमका अर्थपूर्ण माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने | १.१.४ लैससास को रणनीतिलाई प्रभावकारी बनाउनको लागि हरेक अर्थवार्षिक रुपमा अनुगमन तथा मुल्यांग्कनको प्रतिबेदन तयार गर्ने<br>१.१.५ लैससास को कार्यक्रम महिला बालबालिका युवा जेष्ठनागारिक, अपांगता, आदिवासी, जनजाती, तथा अन्य आर्थिक भौगोलिक, सामाजिक तथा संस्कृतिक दृष्टिले पिछडीएका समुदाय लक्षित वडा स्तरमा भूगोल सबैको प्रतिनिधि हुने गरि सिपमुलक कार्यक्रम गर्ने<br>१.१.६ हरेक वर्ष लैससास बजेट परिक्षण गरिनेछ<br>१.२.१ महिला अपाङ्गता, सिमान्तकृत, अल्पसंख्यक, जेष्ठनागारिक, बालबालिकाको तथा आर्थिक रुपमा विपन्न वर्गलाई मौलिक हक अधिकार र चेलीबेटी बेचबिखन, बाल दुर्व्यसन, हिंसा, बलात्कारमा सामाजिक जागरण गर्ने ।<br>१.३.१ सिपमुलक कार्यक्रम (सिलाई | ३ लाख<br>५ लाख | २०८१/८२<br>२०८२/८३<br>२०८३/८४<br>२०८२/८३ | |

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

| क्रस | उद्धेश्य | रणनीति | रणनीतिक क्रियाकलापहरु | अनुमानित लागत | आर्थिक बर्ष | मापनका सुचकहरु |
|---|---|---|---|---|---|---|
| | | | बुनाई डोको, नामला, नगदेबाली, कृषि र पशुपालन जस्ता लैससासका आधारभूत आवश्यकता अनुसार र पालिकाको प्राकृतिक स्रोत को उपलब्धतामा आधारित सिपमुलक प्रासिक्षण दिई रोजगार सिर्जना गर्ने। | | | |
| २ | आर्थिक समृद्धि र दिगो बिकासका लागि लक्षित समुदायको समाज अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत साधन अवसर तथा लाभ मा सबैको समान पहुँच सुनिश्चत गर्न | २.१ लैगिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति र उपसमितिहरुलाई कार्यभार प्रभावकारिता पुर्वक वहन गर्न क्षमता विकास को व्यवस्था गरिनेछ<br>२.२ सार्वजनिक तथा निजि भौतिक संरचनाहरुको निर्माण लैंगिक मैत्री मापदण्ड अनुरुप गरिनेछ । | २.१.१ लैससास नीतिलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्न र अन्य विकास तथा सरोकारवाला संग प्रभाबकारी समन्वय र सहकार्य गर्नको लागि समन्वय समिति तथा उपसमितिहरुलाई, नीति, रणनीति र लैससास सम्बन्धि हक अधिकार संगै लैससासलाई कसरी मुलप्रवाहिकरणमा ल्याउन सकिन्छ भन्ने विषय मा क्षमता विकासका प्रशिक्षण दिने ।<br>२.२.२ सार्वजनिक तथा निजि भौतिक संरचनाहरु जस्ता शौचालय, पाटी पौवा निर्माण गर्दा लैससास मैत्रीपूर्ण बनाउन को लागि | ४ लाख<br><br>१ लाख | २०८१/८२<br>२०८२/८३<br>२०८३/८४<br><br>२०८१/८२<br>२०८२/८३<br>२०८३/८४ | लैससास बजेट विनियोजन<br>लैससास बजेट परिक्षण प्रतिबेदन<br>आर्थिक, सामाजिक प्रतिबेदन, अर्थ बार्षिक बजेट र बार्षिक बजेट प्रतिबेदन<br>अनुगमन तथा मुल्यांगकन प्रतिवेदन<br>खण्डीकृत तथ्यांक को प्रतिबेदन |



सिलीचोङ गाउँपालिका कार्यालय

| क्रस | उद्धेश्य | रणनीति | रणनीतिक क्रियाकलापहरु | अनुमानित लागत | आर्थिक बर्ष | मापनका सुचकहरु |
|---|---|---|---|---|---|---|
| | | | अभिमुखीकरण गर्ने । | | | |
| ३. | लैंगिक भेदभाव हिंसा र सोसन को अन्त्य गरि समानता सामाजिक समावेसीकरण र लैंगिक मूल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तरास्ट्रिय सम्बन्धमा गरिएका प्रतिबद्धता साथै संघिय र प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिबध्दता अनुरुप दायित्व पुरा गर्ने | ३.१ स्थानीय तहको बार्षिक आवधिक योजना कार्यक्रम तथा बजेटहरुको लैससास दृष्टिकोणबाट तर्जुमा गरिनेछ<br>३.२ प्राकृतिक विपद र स्वास्थ्य महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समुदायेका लागि आवश्यक पर्ने उद्धार, राहत तथा पुनर्स्थापनाका लागि | ३.१.१ स्थानीय तहको बार्षिक आवधिक योजना र कार्यक्रममा लैससासको लागि सरोकारवाला निकायहरुबाट बजेट प्रतिशत नै तोकिनेछ ।<br>३.२.१ प्राकृतिक बिपद्ले लैससासलाई नै धेरै जोखिम बनाउने हुदा यस्ता जोखिमबाट बच्न को लागि विभिन्न स्वास्थ्य तथा पोषण सम्बन्धिको कार्यक्रम तथा जोखिमबाट बच्ने उपायहरु का बिषय मा कार्यक्रम संचालन गर्ने<br>३.२.२ लैससासहरुका लागि उद्धार | ६ लाख | २०८१/८२<br>२०८१/८२<br>२०८१/८२ | लैससास बजेट विनियोजन<br>लैससास बजेट परिक्षण प्रतिबेदन<br>आर्थिक, सामाजिक प्रतिबेदन, अर्थ बार्षिक बजेट र बार्षिक बजेट प्रतिबेदन<br>अनुगमन तथा मुल्यांग्कन प्रतिवेदन<br>खण्डीकृत तथ्यांक को प्रतिबेदन |

सिलीचोङ गाउँपालिकाको कार्यालय

| क्रस | उद्धेश्य | रणनीति | रणनीतिक क्रियाकलापहरु | अनुमानित लागत | आर्थिक बर्ष | मापनका सुचकहरु |
|---|---|---|---|---|---|---|
| | | | गर्नको लागि सामाजिक संरचनामा घुम्ती टोलीको स्थापना गर्ने | | | |
| ४ | लैगिंक उत्तरदायी तथा समावेशी बजेट परिक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित समुदायहरुको क्षमता विकास गर्दै अर्थपूर्ण सहभागिता गराई लैगिंक अन्तरको प्रभावलाई लैससासको मूलप्रवाहिकरण समावेश गर्न । | ४.१ लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने ।<br>४.२ लैगिंक समानता तथा सामाजिक समावेशिकरण समन्वय समिति वडा स्तरसम्म विकास र विस्तार गरिनेछ ।<br>४.३ स्थानीय तहको वार्षिक, आवधिक तथा कार्यक्रमहरुमा बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैगिंक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडि परेका÷पारिएका वर्ग र समूदायका लागि पुँजिगत बजेटबाट न्यूनतमा प्रतिशत तोकिने छ ।<br>४.४ पछाडि परेका वा | ४.१.१ लैससास रणनीतिको कार्यान्वयन तथा व्यवस्थापनको लागि लैससास समन्वय समिति, वडा स्तरिय समिति, गुनासो व्यवस्थापन समितको स्थापना गरिनेछ र यस समितिले यसलाई कार्यान्वयन र प्रभावकारी बनाउन क्षमता विकास र सशक्तिकरण गर्ने ।<br>४.२.१ पालिकको वार्षिक, आवधिक तथा कार्यक्रमहरुमा बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडि परेका/पारिएका वर्ग र समुदायका लागि यो समितिले निति नियमलाई पालना गरि लैङ्गिक बजेट निधार्रण गरि आवश्यकता अनुसारको रणनीति र कार्यनीति तय गर्ने । | ५ लाख<br><br><br><br><br><br>२ लाख<br><br><br><br><br><br>३ लाख | २०८१/८२<br><br><br><br><br>२०८१/८२<br>२०८२/८३<br>२०८३/८४<br><br><br><br><br>२०८१/८२<br>२०८२/८३<br>२०८३/८४ | लैससास बजेट विनियोजन<br>लैससास बजेट परिक्षण प्रतिवेदन<br>आर्थिक, समाजिक प्रतिवेदन, अर्थवार्षिक बजेट र वार्षिक बजेट प्रतिवेदन<br>अनुगमन तथा मुल्यांकन प्रतिवेदन<br>खण्डीकृत तथ्याङ्कको प्रतिवेदन |

| क्रस | उद्धेश्य | रणनीति | रणनीतिक क्रियाकलापहरु | अनुमानित लागत | आर्थिक बर्ष | मापनका सुचकहरु |
|---|---|---|---|---|---|---|
| | | परिएका वर्ग, समूहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक सचेतिकरण तथा क्षमता अभिवृद्धि गरी पालिकको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी मुल प्रवाभिकरण मा ल्याउने छ । ४.५ लैससासलाई प्रभावकारी बनाउनको लागि अनुगमान तथा मुल्यांकनमा विभिन्न विधीबाट लैससास परिक्षण गरिनेछ। | ४.४.१ लैससासलाई प्रभावकारी बनाउनको लागि अनुगमन तथा मुल्यांकन गर्न लैससासका विभिन्न सूचकद्धारा तथा यसका सामाजिक प्रभावको पनि मुल्यांकन गरि हरेक वर्ष लैससास परिक्षण गरिनेछ । लैससास परिक्षणबाट देखिएका कमि कमजोरीलाई सुधार गरिनेछ । ४.५.१ संघ, प्रदेश र पालिकाले लैससासले तोकेका नीति नियम र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धतालाई अनुशरण गर्दे प्रभावकारी रुपमा अनुगमन तथा मुल्यांकन गर्न सकेको खण्डमा लक्षित वर्ग र समूदायहरुलाई राष्ट्रिय स्तरको मुल प्रवाहीकरण नीति, रणनीति तथा राज्यका हरेक संरचनामा समावेश गर्ने । | | २०८१/८२ २०८२/८३ २०८३/८४ | |

सिलीचोङ गाउँपालिकाको कार्यालय

### ९. वित्त व्यवस्थापन

यस पालिकामा लैससास समावेशी बजेट निर्माण तथा परिक्षण भएको छैन | आउने दिनहरुमा पारदर्शितालाई मुख्य आधार मान्दै सामाजिक बजेट परिक्षण गर्ने योजना छ |यसका लागि टोल वस्ती / वडा तहमा बजेट सिलिंग बढाएर GESI बजेट निर्माणमा अनिवार्यता गर्ने सोच छ | वहिस्करणमा परेका व्यक्ति/ परिवार पहिचान गरि वडा/पालिकाले सेवामुलक अवसर को सुनिस्चितता गर्ने, पालिकामा बहिष्कृत वर्गको अभिलेख राखी नीति निर्माण गरि स्रोत साधन प्रदान गर्ने | अपाङ्गता, एकल बिपन्न बृद्धवृद्धाआदि को संघ संगठन निर्माण गरि पालिकाले निशुल्क दर्ता/ नवीकरण को व्यवस्था गर्नु पर्ने योजना बनाईएको छ |

### १० कानुनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगतरुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनार्य लागु गर्नु पर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको र सोहि दफाको उपदफा २ मा योजना बनाऊँदा लैगिंक तथा सामाजिक समावेशिकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने भनि उल्लेख गरेको छ।लैगिंक समानताको लागि बजेट सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैगिक मूलप्रवाहिकरण र उपलब्धीको समतामूलक वितरणका साथै उपभोगको लागि लैगिंक विश्लेषण सहित योजनावद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकिरण गर्दे कार्यक्रम नीति, रणनीति तथा कार्यनीतिको लागि संघिय तथा स्थानिय ऐन कानुन बमोजिम गरिनेछ ।

### १०.१ नीतिको पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मुल्याङ्कन गरी पाँच पाँच वर्षमा नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गर्दै लैजाने ।

### १०.२ खारेजी तथा बचाऊ

यस रणनीतिमा उल्लेखित कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म सम्बन्धित कानून बमोजिम नै हुनेछ ।

### १०..३ रणनीतिको कार्यन्वयनको जिम्मेवारी तथा दयित्व

**कार्यनीति**

- लैगिंक हिंसा, घरेलू हिंसा, अन्धविश्वास, छुवाछुत, कुरीति लगायतका परम्परागत हानिकारक मुल्य मान्यता र व्यवहारका विषयमा सम्बन्धित समुदाय, जनप्रतिनिधि र स्थानिय संघ सस्थालाई अभिमुखिकरण गरिनेछ । स्थानीय स्तरमा लैससासको क्षेत्रमा काम गर्ने समुह, संस्था तथा व्यक्ति लाई असल कामको प्रबर्द्धन गर्न वार्षिक रुपमा प्रोत्साहन गरिनेछ ।

- लैङ्गिक हिंसा विरुद्धमा विद्यमान कानूनमा भएका व्यवस्थाहरु बारे प्रचार प्रसार तथा कानूनी सचेतना तालिम उपलव्ध गराईनेछ । विभिन्न संचारका माध्यममबाट लैगिंक हिंसा विरुद्ध लैससास शिक्षा तथा कानूनी सचेतानामुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन तथा प्रशारण गरिनेछ ।
- स्थानीय तह तथा अन्तर वडास्तरमा लैससास सम्बन्धी भएका असल अभ्यासहरु तथा सिकाईहरु आदान प्रदान गरिनेछ । स्थानीय तहमा रहेका माध्यमिक तथा उच्च माध्यामिक तह कलेजहरुका शिक्षकहरुलाई लैससासको अवधारणा बारेमा अभिमुखिकरण गरिनेछ साथै बाल शिक्षा वा आधारभूत विधालयका शिक्षकहरुलाई व्यक्तित्व विकासका तालिमहरुको व्यवस्था गरिनेछ ।
- समुदाय स्तरमानै वालक्लवको गठन गरी क्षमता अभिवृद्धि तालिम, बालअधिकार, बाल यौन, दुर्व्यवहार, हिंसा तथा बाल दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ । विधालयहरुमा समय समयमा विधार्थीहरुको स्वास्थ्य परिक्षण, खेलकुद तथा अतिरिक्त कृयाकलापहरु संचालन गरिनेछ ।
- वार्षिक रुपमा स्थानीय तहले लैससास प्रबर्धन गर्ने खाका शिक्षा, सूचना र संचारका सामाग्रीहरु प्रसारण तथा प्रकाशन गरिनेछ ।

तालिका २

पालिकाको कार्यान्वयनमा जिम्मेवारी र दायित्व

| क्र.स | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालहरु | आर्थिक स्रोतको परिचालन | समय सिमा |
|---|---|---|---|---|---|
| १. | पालिकाको आवधिक योजना, पाश्र्वचित्र र अन्य नीति तथा कार्यविधिहरु बनाउने प्रकृयालाई लैससास संवेदनशील र उत्तरदायी बनाउने | पालिका | विषय विज्ञहरु | पालिका | नीति स्वीकृत भएको ४ महिना भित्र |
| | पालिकाको लैससासको खण्डिकृत तथ्याङ्कतयार गर्ने यसलाई नियमित अधावधिक गर्ने | महिला, बालबालिका तथा सामाजिक विकास शाखा, लैससास सम्पर्क व्यक्ति | विषय विज्ञहरु, लैससास क्षेत्रमा काम गर्ने संघ संस्थाहरु | पालिका | नीति स्वीकृत भएको २ महिना भित्र |
| | लैससासको विषयलाई अगुवाई गर्ने र सम्पक व्यक्तिको काम गर्न लैससासका श्रोत व्यक्तिहरु तथा लक्षित वर्गको पहिचान गरि क्षमता विकास तथा सशक्तिकरण गर्न विभिन्न | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा, सामाजिक शाखा तथा योजना शाखा | विषय विज्ञहरु | पालिका तथा संघ, प्रदेश | नीति स्वीकृत भएको १ महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञताको विकास गर्ने |

| क्र.स | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालहरु | आर्थिक स्रोतको परिचालन | समय सिमा |
|---|---|---|---|---|---|
| | तालिम र प्रशिक्षणको व्यव्स्था गर्दै जाने | | | | |
| | पालिकाका सबै वडासँग नियमित समन्वय र सहकार्य गर्ने , नीतिको प्रभावकारिता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार | सामाजिक विकास शाखा तथा योजना शाखा, गाऊँपालिका | मानवअधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ प्रदेश र स्थानीय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्थाहरु, निजी क्षेत्रबाट प्राप्त बजेटलाई समेत परिचालन गरिनेछ | नीति स्वीकृत भएको १ महिना भित्र त्यसपछि निरन्तररुपमा वर्षभरि |
| | स्थानीय तहको सदस्यहरु र कर्मचारीहरुलाई लैससास उत्तरदायी योजना तर्जुमा, कार्यन्वयन र परिक्षण साथै लेखाजोखा सम्बन्धी अभिमुखिकरण | महिला तथा बालबालिका शाखा तथा सामाजिक शाखा, लैससास सम्पर्क व्यक्ति | विषय विज्ञहरु | नगरपालिका | नीति स्वीकृति भएको २ महिना भित्र |
| | प्रत्येक ३/३ वर्षमा विधमान ऐन कानुन, नीति, मापदण्ड, कार्यविधि तथा लैससास रणनीतिको पुनरावलोकन गर्ने र समसमायिक रुपमा परिमार्जन तथा संसोधन गर्ने | गाऊँ कार्यपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय बिज्ञहरु | संघ, प्रदेश र स्थानीय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु, निजि क्षेत्रकाट प्राप्त बजेतलाई समेत परिचालन | रणनीति स्वीकृत भएको तिन महिना पछी र निरन्तर वर्षभरी |

| क्र. स | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालहरु | आर्थिक स्रोतको परिचालन | समय सिमा |
|---|---|---|---|---|---|
| | | | | गरिने छ । | |

## ११.रणनीतिको कार्यन्वयन अनुगमन तथा मुल्यांकन सम्बन्धि व्यवस्था

लैससास रणनीतिमा उल्लेख भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्ने र संघ तथा प्रदेश सरकारले दिशा निर्देश गरेका नीति तथा निर्देशनलाई कार्यान्वयन गर्न र लैससासका सवालहरुलाई स्थानीय तहमा प्रभावकारी रुपमा अनुगमान तथा मुल्याकन गर्नु पर्दछ । फलस्वरुप रणनीतिको कार्यान्वयन गर्न देहाय बमोजिमको समितिहरु तथा काम कर्तव्यको व्यवस्था रहने छ।

### ११.१ स्थानीय स्तरमा लैससास समन्वय समिति

अध्यक्ष — संयोजक

उपाध्यक्ष — सदस्य

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

योजना शाखा प्रमुख — सदस्य

महिला बालबालिका शाखा प्रमुख — सदस्य

संयोजक सामाजिक विकास — सदस्य

कार्यपालिका सदस्यहरुबाट संयोजकले तोकेको

महिला, दलित, जनजातिबाट महिला प्रतिनिधित्व

एक जना सदस्य — सदस्य

सामुदायिक संघ सस्था मध्येबाट संयोजकले तोकेको

दलित, जनजाति अल्पसंख्यक बाट — सदस्य

प्रमुख समाजिक विकास शाखा — सदस्य सचिव

(समितिमा ७ देखि ९ जना सम्म बनाउने योजना र रणनीति)

### ११.१.२ लैससास समन्वय समितिको काम, कर्तब्य र अधिकार

- लैससास नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतुत्वदायी भूमिका निर्वाह गर्न र अन्य निकाय तथा सरोकारवालसँग प्रभावकारी समन्वय र सहकार्य गर्ने ।
- योजना तर्जुमा गर्दा लैससास उत्तरदायी बनाउन आवश्यक प्राविधिक सहयोग गर्ने ।
- स्थानीय तहमा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, निर्देशिका, आवधिक योजना रणनीतिक योजना, पाश्र्वचित्र लगाएत प्रकाशित हुने अन्य सबै लिखित दस्तावेजहरुलाई लैससासको विषयवस्तु समावेश गरी मूलप्रवाहीकरण गर्न आवश्यक प्राविधिक सहयोग गर्ने ।
- लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यन्वयन भए नभएको अनुगमन गर्ने ।
- स्थानीयतह भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति मधेशी, मुस्लिम तथा अन्य आर्थिक, भौगलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएका समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।
- संघ तथा प्रदेश सरकारबाट भएका ऐन, नीति रणनीति, योजना तथा कार्यक्रम कार्यन्वयन गर्न सहयोग गर्ने गराउने । लैससास रणनीतिअनुरुप लैगिंक तथा सामाजिक समावेशीकरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- सार्वजनिक सुनवाई, सामाजिक लेखाजोखा र लैससास लेखाजोखा गर्न नेतुत्वदायी भूमिका निभाउने । लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने गराउने ।
- योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा लैससास अन्तर्गतका समुहरुको अर्थपूण सहभागिता गराउन र कार्यक्रमलाई समावेशी र लैससास मैत्री बनाउन नेतुत्वदायी भूमिका निभाउने
- सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा निवारण गर्न आचारण संहिता बनाइ लागु गर्ने तथा यस्ता प्रकृतिका कुने पनि हिंसा हुन नदिन सचेत गराउने ।
- यी माथि उल्लेखित कार्यहरु गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने ।

### ११.२ लैससास समन्वय उपसमिति वडास्तरमा

| | |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| वडा सदस्यहरू महिला, दलित एकजना | सदस्य |
| वडा सचिव | सदस्य सचिव |
| महिला,बालबालिका तथा जष्ठ नागरीक विषय हर्ने अधिकृत | सदस्य |
| अन्य संघसस्थाबाट एकजना | सदस्य |

(जम्मा ५ देखि ७ जना राख्ने व्यवस्था गरिएको छ)

### ११.२.१ लैससास समन्वय उपसमितिको काम, कर्तब्य र अधिकार

- स्थानीय तहको लैससास समन्वय समितिले गरेका कार्यहरु (ऐन, कानून, नीति, आवाधिक योजना, पाश्र्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तवेजहरु) समुदाय तथा नागरिकसमाजसँग छलफल गरि लैसासको विषयवस्तुको समावेश गरी मुल प्रवाहिकरण गर्न सहयोग गर्ने
- वडास्तरमा खण्डिकृत तथ्याङ्क व्यवस्थापन गर्न र समायानुकल अधावधिक गर्न प्राविधिक सहयोग गर्ने ।
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग तथा लक्षित समुदायहरुलाई सहभागि गराउन नागरिक समाजसग समन्वयन र सहकार्य गर्ने ।
- वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतुत्वदायी भूमिका निभाईने ।
- वडा भित्रका महिला, बालबालिका लगाएत बन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत पनि गर्ने ।
- वडा कार्यलयको कार्यक्षेत्र भित्र लैगिंक हिंसा तथा घरेलु हिंसा र दुर्ब्यवहार सम्बन्धी विषयमा प्राप्त गुनासाहरु लैससास नीति समन्वय, सहजीकरण कायान्वयन, सुपरिवेक्षण तथा अनुगमान समितिलाई जानकारी गराउन आवश्यक समन्वय गर्ने ।
- लैगिंक हिंसा तथा घरेलु हिंसा र दुर्ब्यवहार सम्बन्धी विषयमा गुनासोहरुको संकलन दर्ता तथा व्यवस्थापन समन्वयको बारेमा जानकारी दिने र सचेत गराउने ।
- नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।
- लैगिंक तथा सामाजिक समावेशीकरण नीति अनुरुप लैगिंक तथा समाजिक समावेशिकरण कार्यविधी तयार गरी कार्यन्वयन गर्ने गराउने ।
- आवधिक, वार्षिक योजना तर्जुमा कार्यन्वयन बजेट बाँडफाँड खर्चको लेखाजोखा, अनुगमान तथा मुल्यांकन प्रणाली सामाजिक समावेशीकरण मैत्रि भए नभएको विश्लेषण गर्ने सामाजिक समावेशिकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धित पालिकालाई सुझाव दिने ।
- लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा निवारण गर्न आचारण संहिता बनाइ लागु गर्ने तथा यस्ता प्रकृतिका कुने पनि हिंसा हुन नदिन सचेत गराउने ।
- लैससास मूलप्रवाहीकरण र यस नीतिको प्रभावकारी कार्यन्वयनको लागि सरोकारवाला र अधिकारमुखी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने र गराउने ।

- माथि उल्लेखित कार्यहरु गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

यी माथि उल्लेखित कार्यहरु बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने स्तरिय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिक रुपमा बस्ने छ । वडास्तरिय समितिको बैठक आवश्यकता अनुसार समितिको बैठक जुनसुकै बेलामा पनि बस्न सक्ने छ ।

### ११.३ गुनासो व्यवस्थापन

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरुले गाउँ तथा वडा कार्यलयको कार्य क्षेत्रभित्र लैगिंक हिंसा घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी विषयमा आफ्ना गुनासो तथा सुझावहरु भए निर्वाध रुपमा कानुन बमोजिम राख्न सक्नेछन् । यस्ता गुनासोहरुको व्यवस्थापन गर्न स्थानीय तह तथा वडा कार्यलयमा कम्तीमा एकएक जना महिला तथा पुरुषलाई सम्पर्क व्यक्तिको रुपमा तोकिनेछ ।

क ) गुनासोहरुको संकलन, दर्ता तथा व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्तिहरु देहाय बमोजिम हुनेछ

- महिलाहरुको तर्फबाट
- पुरुषहरुको तर्फबाट

ख) सम्पर्क व्यक्तिहरुको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

- वडावासीहरुलाई गुनासो व्यवस्थापन सयन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने
- वडामा विभिन्न माध्यमबाट आएका लैगिंक हिंसा, महिला हिंसा, घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी घटाहरुको दर्ता गरी अभिलेख राख्ने
- यस्ता गुनासोहरुको व्यवस्थापन तथा आवश्यक कारवाहिको लागि वडा कार्यलय र लैससास समितिलाई जानकारी गराउने । वडा कार्यालय र लैससास समितिसंग सहकार्य गरी हिंसा पीडितलाई आवश्यक सहयोग गर्ने ।
- सम्बोधन गरिएका गुनासोहरुको अभिलेख राख्ने र सम्बन्धित गुनासोकर्तालाई गुनासो प्राप्त भैसके पछि र सम्बोधन भए पश्चात जानकारी गराउने ।
- गुनासोहरुको उपयुक्त ( सम्मान, संबेदनशीलता, पारदर्शी र समय आदि ) तरिकाले व्यवस्थापन भैरहेको सुनिश्चत गर्ने । आवश्यक परे कानुनी सहयोगका लागि सहजीकरण गर्ने
- सम्बोधन भएका गुनासोहरुको अनुगमान गरी प्रभावकारीताको लागि सुनिश्चिता गर्ने ।

ग ) सम्बन्धित लाभग्राही वा सरोकारवालाहरुको वडा कार्यलयको कार्य क्षेत्र भित्र पर्ने विषयमा आफ्ना गुनासो तथा सुझावहरु निम्न उल्लेखित तरिकाबाट राख्न सक्नेछन् ।

- आफ्ना गुनासो वडा कार्यलयबाट उपलव्ध गराइएको गुनासो फारम भरि यस वडा भित्र राखिएको सुझाव पेटिकामा खसाल्न सक्नेछन् ।
- स्थानीय तह कार्यलयमा स्वयं उपस्थित भई वा सम्बन्धित कर्मचारीहरु मार्फत राख्न सक्दछन् ।

## १२. जोखिम विश्लेषण

पालिकाको तयार पारिएको लैससास मूलप्रवाहीकरण रणनीति प्रभावकारी कार्यान्वयनको समयमा आउन सक्ने सम्भाव्य जोखिमको विश्लेषण तथ यस्ता जोखिमको निराकरणकरणका लागि देहाय बमोजिमका उपायहरुको अवलम्वन गरिने छ ।

### १२.१ संभावित जोखिम

- लक्षित समुदायबाट त्यही समुदायको जान्ने सुन्ने शिक्षित व्यक्तिले लैससास को नाममा सेवा सुबिधा उपभोग गर्ने जोखिम रहेको |
- सामाजिक तथा आर्थिक विभेद |
- आर्थिक स्रोतको अभाव
- खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुनु नसक्नु ।
- लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा पालिकको प्राथमिकतमा नपुर्न
- नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाल बीच समन्वयन नहुनु ।

### १२.२ जोखिम न्युनिकरणका उपाय तथा ध्यान दिनुपर्ने कुराहरु

- सबैभन्दा पहिला परिवार सदस्यहरुबाट घेरेलु हिंसा बारे सचेतना समुहमा, गाउँ टोल समुदा यहरुमा दिने |
- विशेष गरि महिला, जात, लिङ्ग र धर्म को नाममा हुने बिवेदको अन्त्य गर्न बुद्धिजिबीहरुको टोल वडा स्थर मा भेला गराएर योजना तयार गर्न सकिन्छ |
- लैंगिक, जातिगत, धार्मिक, सामाजिक स्थिति दखल हुने खालको क्रियाकलाप नहुन दिन नीतिगत व्यवस्था गर्नुपर्ने |
- जोखिम न्यूनीकरणक लागि पालिकाबाट आवश्यक नीति नियम बनाइ कार्यन्वयन र अनुगमन गर्ने
- जोखिम मा परेकाको उद्दार गर्ने
- बजेटको ब्यबस्था गर्ने
- कानुन निर्माण गर्ने
- गाउपालिकाले सचेतना तालिम गर्ने
- गाउपालिकाले केहि रकम छुट्याएर सहयोग गर्ने |

## १३.. लैससास रणनीतिबाट आउने अपेक्षित उपलब्धिहरु

- स्थानीय तहको नीति, कानून व्यवस्था तथा मापदण्डहरु लैससास उत्तरदायी भएको हुनेछ । लैससास अन्तर्गतका समुदायहरु सशक्तिकरण भई अधिकारको दावी गर्न सक्ने अवस्थामा पुगेका हुनेछन् ।
- स्थानीय तहको निर्णय प्रक्रियामा लैससास अन्तरर्गतका समुदायहरुको पहुँचमा बृद्धि भएको हुनेछ ।
- सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी संघ सस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि भई साझा बुझाई र कार्य शैली भएको स्थानीय तह हुनेछ । योजना तर्जुमा प्रक्रियामा महिला तथा पछाडि

परेका वर्गको अर्थपूण सहभागिता सुनिश्चित भएको हुनेछ । योजना तर्जुमा कार्यन्वयन र अनुगमान तथा मुल्याङ्कन प्रक्रिया लैससास मैत्री हुनेछ ।

- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा लैससास अन्तरगतका समुहहरुका अर्थपूर्ण सहभागिता गराई पछाडि परेका समुदायको सार्वजनिक स्रोत, साधान र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक समाजको सिर्जना तर्फ अग्रसर भएको हुनेछ ।
- आधारभूत र खण्डिकृत तथ्यांङ्क तयार भई सोही अनुसार लैससासका कार्ययोजनाहरु कार्यान्वयन हुनेछ ।
- नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न र राष्ट्रिय तथा लैससास सम्बन्धमा गरिएका अन्तराष्ट्रिय प्रतिवद्धता, संघिय र प्रदेश सरकारले गरेका प्रतिबद्धता अनुरुपको दायित्व पुरा भएको गाउँपालिका हुनेछ।

## १४. विविध

महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु , मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा, तथा पछाडि पारिएका वा वहिष्करणमा परेका समुदायहरु सँग आर्थिक रुपमा विपन्नता वर्गहरुलाई समावेश गर्ने रणनीति नै लैससासले समावेश गरेको छ ।

## १५. अनुसूचिहरु

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

अनुसूची १

स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालासँग लैससास रणनीति निर्माण सम्वन्धी छलफल तथा सहजीकरण कार्यक्रममा सहभागीहरूको उपस्थिति

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कोशी प्रदेश , कलवलगुरी ,झापा

**सहभागिहरुको उपस्थिति**

**कार्यक्रमको नाम: संथानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारहरुसंग लैससास रणानीति निर्माण सम्बन्धि छलफल तथा सहजीकरण कार्यक्रम**

**स्थान:** सिलीचोङ **गाँउपालिका/नगरपालिका, ......................**

| | | अनिवार्य भर्नु पर्ने | | | | | | अनिवार्य भर्नु पर्ने | | उपस्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | सहभागीको नाम | जातजाती | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | ईमेल | मो. फोन नं | २०८१....।... | २०८१....।... |
| १ | सुजता कुलुङ | कुलुङ | किरात | ४४ | C.B.R.F | सिलीचोङ गाउँपालिका | सिलीचोङ गाउँपालिका तम्फू-3 | Sajakulung@123gmail.com | 98404565 98 | [illegible] | [illegible] |
| २ | Rasmi Karki | Karki | Hindu | 20 | P.H.N | Silichong Health administration | Silichong-6, Yafu | Karkirasmi007@gmall.com | 9767850066 | Rasmi | Rasmi |
| ३ | Rewat Rai | राई | किरात | २५ | [illegible] | [illegible] | [illegible] | | 9849401242 | | [illegible] |
| ४ | ईश्वर राई | कुलुङ | किरात | ५४ | वडाध्यक्ष | सिलीचोङ-५ याफु | सिलीचोङ-५ | | ९८४२०५५६०८ | | [illegible] |
| ५ | मन कुमारी राई | | | | कार्यपालिका सदस्य | सि.गा.पा. -२ | वडा-२ | | ९८६२४९३ ६३१ | | [illegible] |
| ६ | सपना राई | | | | कार्यपालिका सदस्य | सि.गा.पा. ६ | याफु ५ | | ९८४३३८९१ ९८ | | [illegible] |

**प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कोशी प्रदेश , कलवलगुरी ,झापा

**सहभागिहरुको उपस्थिति**

**कार्यक्रमको नाम:** संथानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारहरुसंग लैससास रणानीति निर्माण सम्बन्धि छलफल तथा सहजीकरण कार्यक्रम

**स्थान:** शिलीचोङ ........ गाँउपालिका/नगरपालिका, ......................

| | | अनिवार्य भर्नु पर्ने | | | | | | अनिवार्य भर्नु पर्ने | | उपस्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | सहभागीको नाम | जातजाती | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | ईमेल | मो. फोन नं | २०८१....l... | २०८१....l... |
| १ | देवि कुमारी राई | | | | | | | | ९८४४७३२ ८६९५ | [illegible] | [illegible] |
| २ | भोलामान राई | | | | | | | | ९८४२०८८ ०५० | | [illegible] |
| ३ | शारदा कुमारी राई | | | | | | | | ९८०४३८१ ००८ | | [illegible] |
| ४ | लक्ष्मी विश्वकर्मा | | | | | | | | ९८३४९९ ८५०४ | | लक्ष्मी |
| ५ | [illegible] राई | | | | आंगनबाडी [illegible] | शिलीचोङ गाउँपालिका | शि. गा. पा. वडा नं ५ [illegible] | | ९८१४९५७ ७८९६ | | [illegible] |
| ६ | अनिता राई | | | | फिल्ड सहायक | शि. गा. पा. | शि. गा. पा.-१ | | ९८६२१९३८६९ | | [illegible] |

## प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कोशी प्रदेश , कलवलगुरी ,झापा

### सहभागिहरुको उपस्थिति

**कार्यक्रमको नाम: संथानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारहरुसंग लैससास रणानीति निर्माण सम्वन्धि छलफल तथा सहजीकरण कार्यक्रम**

**स्थान:** सिलीचोङ ........ **गाँउपालिका/नगरपालिका,** ......................

| | | अनिवार्य भर्नु पर्ने | | | | | | | अनिवार्य भर्नु पर्ने | | उपस्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | सहभागीको नाम | जातजाती | लिङ्ग | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | ईमेल | मो. फोन नं | २०८१....।... | २०८१....... |
| १ | श्री देपिता राई | | | | उपाध्यक्ष | सिलीचोङ गाउँपालिका | सि.गा.पा. ३ | | [illegible] | | [signature] |
| २ | मोहन [illegible] | | | | वडाध्यक्ष | .. | वडा नं.-२ | | [illegible] | | [signature] |
| ३ | टिकाराम [illegible] | | | | प्र.नि. | प्र.चौ. [illegible] | ३ | | [illegible] | | [signature] |
| ४ | नरभूपाल मेवाहाङ | | | | लेखापाल [illegible] | [illegible] | सि.गा.पा. ३ | | [illegible] | | [signature] |
| ५ | प्रतापसिंह तामाङ | ✓ [illegible] | [illegible] | [illegible] | वडा अध्यक्ष | सि.गा.पा. ७ [illegible] | .. | | [illegible] | | [signature] |
| ६ | नर बहादुर शाह | ✓ | [illegible] | [illegible] | प्र.अ. | .. ६ | .. ६ | | [illegible] | | [signature] |

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कोशी प्रदेश , कलवलगुरी ,झापा

## सहभागिहरुको उपस्थिति

कार्यक्रमको नाम: संथानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारहरुसंग लैससास रणानीति निर्माण सम्बन्धि छलफल तथा सहजीकरण कार्यक्रम

स्थान: सिलीचोङ ........ गाँउपालिका/नगरपालिका, .....................

| | | अनिवार्य भर्नु पर्ने | | | | | | अनिवार्य भर्नु पर्ने | | उपस्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | सहभागीको नाम | जातजाती | लिंग | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | ईमेल | मो. फोन नं | २०८१..../... | २०८१..../... |
| १ | प्रविन राई | ✓ | | | कार्यक्रम अधिकृत | सिलीचोङ | सिलीचोङ ६ | [illegible] | [illegible] | | [signature] |
| २ | गणकुमार राई | ✓ | | | ५ न. वडा अध्यक्ष | | १ सिलीचोङ | | [illegible] | | [signature] |
| ३ | प्रकाश तामाङ | | | | प्राविधिक | ,, | ,, | — | 9860995321 | | [signature] |
| ४ | बुद्धिकुमार राई | | | | प्रशासकीय प्रमुख | ,, | ,, | ,, | 9852099830 | | [signature] |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |

अनुसूची २

लैससास रणनीति निर्माण सम्वन्धी सहजकर्तासँगको बैठक

DATE:

आज मिति २०८१।०१।१३ गते बिहीवारको दिन यस सिलीचोङ गाउँपालिकाका उपाध्यक्ष श्री देवीता राई ज्यूको अध्यक्षतामा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कोशी प्रदेशबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति निर्माण सम्बन्धी कार्यक्रमको सहजकर्ताको रुपमा ब्राइट फ्युचर ईन्टरनेशनल जे.बि. उदय को सहजीकरणमा तपशिलको उपस्थितिमा कार्यक्रम अगाडी बढाईयो।

तपशिल

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| १ श्री देवीता राई | उपाध्यक्ष | |
| २ श्री गणेश राई | वडाध्यक्ष | |
| ३ श्री मोहन शम्सेर राई | " | |
| ४ श्री प्रताप सिंह तामाङ | " | |
| ५. श्री देवेन्द्र राई | " | |
| ६. श्री ईश्वर राई | " | |
| ७. श्री रेबीका रसाईली | कार्यपालिका सदस्य | |
| ८. श्री मन कुमारी राई | " | |
| ९. श्री शारदा कुमारी राई | " | |
| १०. श्री सन्तोष राई | " | |
| ११. श्री सागर राई | " | |
| १२. श्री लक्ष्मी विश्वकर्मा | " | लक्ष्मी |
| १३. श्री भद्र वहादुर राई | प्रशासकिय अधिकृत | |
| १४. श्री देवि कुमारी राई | सहभागी | |
| १५. श्री भोलामान राई | सहभागी | |
| १६, श्री रेनु कला राई | कर्मचारी ([illegible]) | |
| १७, श्री अनिता राई | " (फिल्ड सहायक) | |
| १८, श्री सुजता कुलुङ | " (C.B.R.F.) | |
| १९, श्री रश्मि कार्की | कर्मचारी (प.हे.न) | |
| २०, श्री प्रेमकला अधिकारी | " (वडा सचिव ३ नं. वडा) | |
| २१ श्री रेवत राई | इ.जे. | |

DATE:

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| (२२) विक्रम राई सुन्दुवार | प्र.अ.नीति | [signature] |
| (२३) नारद प्रसाद मेवाहाङ | नेपाल पत्रकार प्रतिनिधि | [signature] |
| (२४) विनोद किराती | [illegible] | [signature] |
| २५) प्रदिप राई | | [signature] |
| २६) प्रकाश लामाङ | सहभागी | [signature] |
| २७) मनि कुमार राई | ,, | [signature] |
| २८) बुद्धिकुमार राई | ,, | [signature] |
| २९. जितेन राई | ,, | [signature] |

प्रस्तावहरु

१. लैसमास समन्वय समिति गठन गर्ने सम्बन्धमा ।
२. लै.स.मा.स सम्बन्धी रणनीति छलफल गर्ने सम्बन्धमा ।
३. लै स मा स को समस्या पहिचान गर्ने सम्बन्धमा ।
४. लै स मा स रणनीतिको खाका तयार गर्ने सम्बन्धमा ।
५. वडास्तरमा लैसमास उपसमिति गठन गर्ने सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गाउँपालिका स्तरमा लैसमास समन्वय समितिमा तपशिल बमोजिम सदस्यहरु रहने गरि समिति गठन गरियो ।

तपशिल

१. गाउँपालिका उपाध्यक्ष श्री देवीता राई — संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत श्री बाबुनन्दन मेहता — सदस्य
३. सामाजिक विकास समिति संयोजक श्री मोहन शम्सेर राई — सदस्य
४. कार्यपालिका सदस्य श्री मनकुमारी राई — सदस्य
५. ,, ,, श्री लक्ष्मी विश्वकर्मा — सदस्य
६. सामुदायीक संघ संस्था प्रतिनिधि श्री नरभुपाल राई — सदस्य
७. कार्यपालिका सदस्य श्री सागर राई — सदस्य

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकामा लैससास सम्बन्धी रणनीति निर्माणको लागि छलफल अन्तरक्रिया मार्फत रणनीति निर्माण गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिका लैससास सम्बन्धि समस्या पहिचान गरि समस्या समाधान गर्ने रणनीति निर्माण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको लैससास रणनीति निर्माण सम्बन्धी खाका तयार गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकामा १ महिना भित्र वडास्तरमा लैससास उपसमिति गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

अनुसूची ३

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रठिष्ठान कलवलगुरी झापालाई पठाएको पत्र

**सिलीचोङ गाउँपालिका**
**SILICHONG RURAL MUNICIPALITY**
**गाउँ कार्यपालिकाको कार्यालय**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
**ताम्कु , संखुवासभा**
**TAMKU, SANKHUWASABHA**
**कोशी प्रदेश , नेपाल**
**KOSHI PROVINCE, NEPAL**

पत्र संख्या:२०८०/०८१
चलानी नम्बर: १४६६

मिति २०८१/०१/१३

विषय- जानकारी गराईएको सम्बन्धमा ।

श्री प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान,
कलवलगुरी, झापा।

प्रस्तुत विषयमा ब्राईट फ्युचर ईन्टरनेशनल प्रा.ली. काठमाडौंको को पत्र अनुसार यस पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति निर्माण कार्यको लागि मिति २०८१/०१/१३ गते गाउँ कार्यपालिका पदाधिकारीहरु, कर्मचारी लगायत स्थानीय सरोकारवालाहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसार निर्णय गरियो ।

तपशिल

१. लैससास रणनीति निर्माण सम्बन्धी जानकारी ।
२. गाउँपालिका भित्रका लैससास का विषयमा छलफल ।
३. गाउँपालिका स्तरिय लैससास समिति गठन ।
४. वडास्तरिय लैससास समिति १ महिना भित्रमा गठन गर्ने ।

..............................
भद्र बहादुर राँई
नि. प्रमुख प्रशासकीय अधिकृत

ईमेल: silichongrm@gmail.com वेवसाईट: https://silichongmun.gov.np / सम्पर्क:९८५२०३०२४०/९८५११००२०९